# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १७० | काठमाडौं | बिहीबार, ३० असोज २०८२ | Prabhab National Daily | Thursday, 16 October 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# नेतृत्व नछाड्ने अडानमै ओली

## महाधिवेशनमा हराएर देखाउन चुनौती

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले एमालेको नेतृत्व तत्काल नछाड्ने बताएका छन् । ललितपुरको भनीमण्डलस्थित रामबाग महलमा बुधबारबाट सुरु भएको केन्द्रीय कमिटी बैठकमा ओलीले आफूलाई महाधिवेशनमा हराएर देखाउन नेताहरूलाई चुनौती दिए ।

जेन-जी आन्दोलनका कारण भदौ २४ गते प्रधानमन्त्रीबाट राजीनामा दिएर सडकमा आइपुगेका ओलीले पार्टी नेतृत्वबाट हट्नुपर्ने भनी फेसबुकमा आएको माग आफूले नमान्ने तर्क गरे । 'मैले हट्नुपर्छ भनेर फेसबुकले भन्ने होइन, यो कमिटीले भन्ने । केन्द्रीय कमिटीले के भन्छ, त्यो मान्ने हो । त्यो महाधिवेशनले देखाउँछ,' ओलीले भने । जेन-जी विद्रोहपछि धेरैले शीर्ष तीन नेताले नेतृत्व छाड्नुपर्ने आवाज चर्किएको छ ।

जेन-जी विद्रोहअघि नै एमालेमा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष सुरेन्द्र पाण्डे, युवराज ज्ञवालीलगायतले ओलीले अब नेतृत्व छाड्नुपर्ने सुझाएका थिए । तर ओलीले उक्त प्रस्ताव अस्वीकार गरिरहे । जेन-जी विद्रोह र अरु दलहरूले नेतृत्व परिवर्तनको सुरसार गरेपछि सबैभन्दा पहिले महाधिवेशनको मिति र स्थान तोक्ने नेता बनेका छन् ओली । उनले ११औं महाधिवेशन मंसिरको २७ देखि २९ गतेसम्म पोखरामा गर्ने प्रस्ताव राखेका छन् । जबकि एमालेको महाधिवेशनको कार्यकाल अझै एक वर्ष बाँकी छ । २०७८ मंसिरमा चितवनको सौराहमा एमालेको १० औं महाधिवेशन भएको थियो ।

ओलीले नेतृत्वबाट बिदा नलिएर महाधिवेशन तोक्नुलाई फेरि नेतृत्वमा आउने चाहना देखाएको एमालेका एक केन्द्रीय सदस्यले बताए । 'ओली फेरि नेतृत्वमा आउने देखिन्छ । यसको ग्राउण्ड उहाँले गोदावरीको विधान महाधिवेशनमा तयार पारिसक्नुभयो,' ती केन्द्रीय सदस्यले भने । गोदावरीमा भदौ २२ मा सम्पन्न विधान महाधिवेशनले ओलीलाई अर्को कार्यकालका लागि अध्यक्ष बन्न पाउनेगरी ढोका खुला गरिदिएको थियो । यसअघि दुई कार्यकालभन्दा बढी अध्यक्ष बन्न नपाउने व्यवस्था विधानमा थियो । उनले आफू अध्यक्ष बन्नकै लागि उक्त प्रावधान विधान महाधिवेशनमार्फत हटाएका थिए ।



मैले हट्नुपर्छ भनेर फेसबुकले भन्ने होइन, यो कमिटीले भन्ने । केन्द्रीय समितिले के भन्छ, त्यो मान्ने हो । त्यो महाधिवेशनले देखाउँछ ।

कसैले अब सधैंका लागि एमाले सरकारबाट हट्यो भन्ने ठानेको होला । यो भ्रम नपाले हुन्छ । एमाले राजनीतिक आर्थिक नायकत्व दिइरहेको पार्टी हो ।

हाम्रो पार्टी असंवैधानिक र अलोकतान्त्रिक ढंगले गरिएको प्रतिनिधिसभा विघटनप्रति आपत्ति व्यक्त गर्दछ र विघटित प्रतिनिधिसभा तत्काल पुनर्स्थापना हुनुपर्दछ भन्ने कुरामा जोड दिन चाहन्छ ।

### संसद् पुनर्स्थापनामा जोड

एमाले अध्यक्ष ओलीले आफ्नो राजनीतिक प्रतिवेदनमा अन्तरिम सरकारकी प्रधानमन्त्रीमा सुशीला कार्कीलाई सिफारिस गरेको तर आफ्नो सुझाव बाहिर गएर संविधान बाहिरबाट सरकार गठन भएको दाबी गरेका छन् । 'संविधानसम्मत निकासका लागि कामचलाउ सरकारको प्रधानमन्त्रीको हैसियतले प्रतिनिधिसभा विघटन नगरी सरकार गठनका लागि सिफारिस गरेको थिएँ । तर त्यो सुझाव विपरीत संविधान बाहिरबाट सरकार गठन गरिएको छ । तसर्थ यो सरकार असंवैधानिक छ,' ओलीले भने ।

क्रमशः पृष्ठ २ मा

## देउवाको प्रशंसा

एमाले केन्द्रीय कमिटीको पहिलो दिन अध्यक्ष केपी शर्मा ओलीले १५ बुँदे राजनीतिक प्रतिवेशन पेस गर्दा नेताहरूले कांग्रेस सभापति शेरबहादुर देउवाको प्रशंसा गरे ।

देउवाले मंगलबारमात्र कार्यवाहक सभापतिको जिम्मेवारी उपसभापति पूर्णबहादुर खड्कालाई दिएका थिए । एमाले केन्द्रीय कमिटीमा उनको उक्त कदमको प्रशंसा भएको हो । केन्द्रीय सदस्य विद्या भट्टराईले केन्द्रीय कमिटी बैठकमा बोल्दै देउवालेजस्तै निर्णय गर्न ओलीलाई आग्रह गरिन् । 'हामीसँग सहकार्य गरेको कांग्रेसले हिजो गरेको निर्णयको समानार्थी हुनेगरी हामीले पनि निर्णय गर्नुपर्छ,' भट्टराईले भनिन् ।

भट्टराईलेझैं अरु नेताहरूले पनि केन्द्रीय कमिटीमा देउवाको प्रशंसा गरेका थिए । माओवादी केन्द्रले यसअघि कार्यसमिति भंग गरी महाधिवेशन आयोजक समिति गठन गरिसकेको छ । माओवादीले मंसिरमा महाधिवेशन गर्ने भने पनि मिति र स्थान तोकेको छैन ।

एमाले अध्यक्ष ओलीले भने आफू यस्तो लहडमा नलाग्ने र सरकारको नेतृत्वमा फेरि पुग्न सक्ने सन्देश दिएका छन् । 'कतिपयले त मलाई भन्नुहुन्छ । तपाईंलाई बोकेर त जानै सकिँदैन । किन बोक्नुपर्‍यो म आफैं हिँड्छु । हिँड्न नसक्ने हैन । दौडन सक्ने अवस्थामा छु,' ओलीले भने ।

क्रमशः पृष्ठ २ मा

# नेपाल लगातार दोस्रोपटक टी–२० विश्वकपमा




- सन् २०१४ मा पहिलोपटक विश्वकप खेलेको नेपाल समग्रमा तेस्रोपटक छनोट
- ओमानमा जारी आइसिसी टी–२० एसिया-इस्ट एसिया छनोटमा उत्कृष्ट प्रदर्शन
- बुधबार युएईले सामोआलाई पराजित गरेपछि नेपाल दुई खेल खेल्नुअघि नै विश्वकपमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल टी–२० विश्वकपमा लगातार दोस्रोपटक छनोट भएको छ । ओमानमा जारी आइसिसी टी–२० एसिया-इस्ट एसिया छनोटमा उत्कृष्ट प्रदर्शन गरेको नेपाल दुई खेल खेल्नुअघि नै विश्वकपमा छनोट भएको हो ।

अब नेपालले आगामी वर्ष (सन् २०२६) भारत र श्रीलंकामा हुने टी–२० विश्वकपमा खेल्ने छ । सन् २०२४ मा अमेरिका र वेस्ट इण्डिजमा भएको टी–२० विश्वकप खेलेको नेपाल समग्रमा भने तेस्रोपटक यस प्रतियोगितामा छनोट भएको हो । पहिलोपटक सन् २०१४ मा बंगलादेशमा सम्पन्न विश्वकपमा नेपालले खेलेको थियो ।

क्रमशः पृष्ठ २ मा

## ओमानलाई हराउँदै नेपाल शीर्षस्थानमा

आइसिसी टी–२० विश्वकप एसिया-इस्ट एसिया प्यासिफिक छनोटमा लगातार जित निकाल्दै नेपाल शीर्षस्थानमा उक्लिएको छ । बुधबार राति ओमानलाई ३८ रनले हराउँदै नेपाल आठ अंकसहित शीर्ष स्थानमा उक्लिएको हो ।

यससँगै ओमानमा जारी प्रतियोगितामा नेपालले अपराजित यात्रा कायमै राख्नुका साथै उपाधिनजिक पुगेको छ । अब अन्तिम खेलमा सामोआसँग खेल्न बाँकी छ । उक्त खेलमा जित हात पारे नेपालले उपाधि जित्ने छ ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# क्रोएसियाले घटायो विदेशी कामदारलाई दिने 'वर्क पर्मिट'

■ प्रभाव संवाददाता

**काठमाडौं–** सन् २०२२ यता पहिलोपटक क्रोएसियाले विदेशी कामदारहरूका लागि जारी गर्ने रोजगार अनुमति (वर्क पर्मिट) मा कमी आएको देखिएको छ । क्रोएसियाको गृह मन्त्रालयको तथ्यांकअनुसार सन् २०२५ को पहिलो नौ महिनामा करिब एक लाख ३६ हजार २०० जनाले मात्र अनुमति पाएका युरोपेली यात्रा सूचना र अनुमति प्रणाली (इटिआइएएस)ले बुधबार जानकारी दिएको छ ।

यो नौ महिनाको संख्या गत वर्षको सोही अवधिको तुलनामा १४ प्रतिशतले न्यून भएको जनाइएको छ । यदि यो प्रवृत्ति जारी रहे वर्षको अन्त्यसम्म कूल अनुमति संख्या एक लाख ८० हजारभन्दा तल झर्नसक्ने जनाइएको छ । गत वर्ष दुई लाख छ हजारभन्दा बढीले अनुमति पाएका थिए ।

इटिआएएसका अनुसार पछिल्लो तीन वर्षसम्म विदेशी कामदार भित्रने क्रम दोब्बरले बढेको थियो । क्रोएसियाले ल्याएका नयाँ नियममा वर्क पर्मिटमा कडाइ, प्रमुख उद्योगहरूमा श्रमिकको मागमा कमी र त्यहाँको स्थानीय श्रमबजारमा देखिएको परिवर्तनले श्रमिक लग्ने क्रम घटेको जनाइएको छ ।



- श्रम स्वीकृति घटाउँदा नेपाली श्रमिकसमेत प्रभावित हुने
- करिब २५ हजारको संख्यामा रहेका नेपाली विदेशी श्रमिकहरूमध्ये दोस्रो धेरै
- गत आर्थिक वर्ष २०८१/८२ मा १३ हजार ८३५ जना श्रम स्वीकृति लिएर क्रोएसिया गएको तथ्यांक

त्यहाँको जग्रेब क्षेत्रमा भूकम्पपछिका केही पुनर्निर्माण परियोजनाहरूमा नेपाल, भारत र फिलिपिन्सजस्ता देशका अदक्ष कामदारहरूको अत्यधिक माग बढेको थियो जहाँ हाल श्रमिकको माग घटेको छ ।

त्यस्तै, त्यहाँको श्रमबजारमा श्रमिकको तलब बढ्दै जाँदा स्थानीय कामदारहरू काममा फर्किन थालेको भनिएको छ । त्यहाँका धेरै अवकाशप्राप्त व्यक्तिहरू पार्ट टाइम काममा फर्किन थालेको भनिएको छ ।

क्रमशः पृष्ठ २ मा

## मलेसियाले १३ प्रमुख क्षेत्रमा कामदार भर्नाका लागि विशेष स्वीकृति दिने

**काठमाडौं (प्रस)–** मलेसियाको सरकारले १३ प्रमुख क्षेत्रमा विदेशी कामदार भर्नाका लागि विशेष स्वीकृति सुविधा घोषणा गरेको छ । गृहमन्त्री सैफुद्धिन नासुतिन इस्माइलले मंगलबार उक्त घोषणा गर्दै महत्त्वपूर्ण उद्योगहरूमा देखिएको श्रमिक अभावलाई यसले सम्बोधन गर्ने बताएको मलेसियाली सञ्चारमाध्यमले जनाएका छन् ।

मलेसियाको आर्थिक वृद्धि र सार्वजनिक कल्याण सन्तुलित गर्ने प्रयासस्वरूप यो व्यवस्था गरिएको समाचारमा उल्लेख छ । यस योजनाअन्तर्गत विदेशी कामदारको कोटा तीन मुख्य क्षेत्रहरू बगैंचा, कृषि, र खानी तथा ढुंगा निकाल्ने क्षेत्रका लागि खुला गरिने छ । साथै सुरक्षा सेवा, धातुका सामग्री, सरसफाइ र भवन मर्मत, थोक तथा खुद्रा व्यापार, धुने सेवा, रेस्टुरेण्ट, जमिनमै आधारित गोदाम, कार्गो ह्याण्डलिङ, सरकारी निर्माण परियोजना र मलेसियाली लगानी विकास प्राधिकरण (एमआइडिए)द्वारा स्वीकृत नयाँ लगानीहरू गरी १० उपक्षेत्रहरूमा पनि समावेश गरिएको भनिएको छ ।

नयाँ व्यवस्थाअन्तर्गत विदेशी कामदार भर्ती गर्न चाहने रोजगारदाताहरूले आफ्नो आवेदन गृह मन्त्रालयअन्तर्गतको विदेशी कामदार व्यवस्थापनका लागि एकल सेवा केन्द्र (ओएससी)मा सीधै पेस गर्न सक्ने जनाइएको छ । प्रत्येक आवेदन स्वीकृत हुनुअघि मलेसियाको विभिन्न नियामक निकायहरूले मूल्यांकन गर्ने छन् ।

मन्त्रालयका अनुसार रोजगारदाताहरूले पेस गरेको आवश्यक कागजात उक्त कम्पनीमा श्रमिकको वास्तविक आवश्यकताका आधारमा मूल्यांकन गरिने छ । मागमा आधारित भर्ना प्रक्रियाले उद्योगहरूलाई प्रतिस्पर्धात्मक र प्रभावकारी बनाउन मद्दत गर्ने विश्वास गरिएको छ । यस कदमले सन् २०३० सम्म मलेसियाको कूल श्रमशक्तिको १० प्रतिशतमात्र विदेशी मजदुर रहने भन्ने सरकारको दीर्घकालीन लक्ष्यलाई सहयोग गर्ने अपेक्षा गरिएको छ ।

**दलहरूसँग सभामुखको छलफल**

# एमालेबाहेक अन्य दलको जोड चुनावमै



बुधार सभामुख देवराज घिमिरेले आयोजना गरेको छलफलमा सहभागी दलका प्रतिनिधिहरू । *तस्बिरः रासस*

■ जेबी योञ्जन

**काठमाडौं–** सभामुख देवराज घिमिरेलाई प्रतिनिधिसभा पुनर्स्थापनाको रिट लिएर सर्वोच्च अदालत जानेबारे अधिकांश दलले समर्थन नगर्ने भएका छन् । विघटित प्रतिनिधिसभाका मुख्य दल नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टी नेपालले यसअघि नै विघटनविरुद्ध रिट परिसकेकाले सभामुख सर्वोच्च जानु नपर्ने बताएका हुन् ।

नेकपा एमालेले भने विघटनको संवैधानिक परीक्षण गर्न सभामुख रिटसहित सर्वोच्च जानुपर्नेमा जोड दिएको छ ।

- विघटनविरूद्ध सर्वोच्चमा रिट लिएर जान एमालेको सुझाव
- कांग्रेस, माओवादी, राप्रपा, एकीकृत समाजवादी र जसपा नेपाल चुनावमार्फत निकास खोज्नुपर्ने पक्षमा
- पूर्वमहान्यायाधिवक्ता, बार र सर्वोच्च बारका पदाधिकारीबाट राय लिँदै सभामुख

क्रमशः पृष्ठ २ मा

## विघटनविरुद्ध परेका रिटको पेसी १२ कातिकमा

सर्वोच्च अदालतमा दर्ता भएको प्रतिनिधिसभा विघटनविरुद्धका रिटहरूको सुनुवाइ गर्न आगामी १२ कात्तिकका लागि पेसी तोकिएको छ ।

ती रिटमाथिको सुनुवाइ संवैधानिक इजलासमा हुने सर्वोच्चका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले बताए । उनका अनुसार बुधबारसम्म १० वटा रिट दर्ता भएका छन् ।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

### नेतृत्व नछाड्ने...

यस्तो अवस्थामा प्रतिनिधिसभा तत्काल पुनर्स्थापना हुनुपर्नेमा ओलीले जोड दिएका छन् । 'हाम्रो पार्टी असंवैधानिक र अलोकतान्त्रिक ढंगले गरिएको प्रतिनिधिसभा विघटनप्रति आपत्ति व्यक्त गर्दछ र विघटित प्रतिनिधिसभा तत्काल पुनर्स्थापना हुनुपर्दछ भन्ने कुरामा जोड दिन चाहन्छ,' ओलीले भनेका छन् ।

उनले कार्की नेतृत्वको सरकारले चुनाव गर्ने छाँट नदेखाएको दाबी गर्दै प्रतिनिधिसभा पुनर्स्थापनामा जोड दिएका हुन् । तर केही केन्द्रीय सदस्यले भने चुनावमा लाग्नुपर्ने सुझाव दिएका छन् । चुनावको पक्षमा केन्द्रीय सदस्यहरू विष्णु रिजाल, हरि राई, सोम मिश्रलगायतले धारणा राखेका थिए ।

नेपाली कांग्रेसले चुनावी वातावरण बनेमा संविधानको रक्षा यही बाटोबाट हुने भनिसकेको छ । राष्ट्रपति रामचन्द्र पौडेलले पनि दलहरूसँग छलफल गरी संविधान जोगाउने विकल्प चुनाव भएको बताइसकेका छन् । एमाले केन्द्रीय कमिटी आज ८ बजे बस्नेगरी स्थगित भएको छ । केन्द्रीय कमिटीमा नेपाली वर्णाणुक्रम 'ज्ञ' बाट सुरु गरी अन्तिममा 'क' बाट नाम आउनेले बोल्ने कार्यतालिका तय गरिएको छ । पहिलो दिन ५० जनाले धारणा राखेको एमाले प्रचार विभागका प्रमुख राजेन्द्र गौतमले जानकारी दिए ।

■■■

### देउवाको...

ओलीले एमालेले राजनीतिक आर्थिक नायकत्व दिइरहेकोसमेत दाबी गरे । यस्तो अवस्थामा देशलाई एमालेको खाँचो अझै रहेको ओलीको तर्क थियो । 'कसैले अब सधैंका लागि एमाले सरकारबाट हटयो भन्ने ठानेको होला । यो भ्रम नपाले हुन्छ । एमाले राजनीतिक आर्थिक नायकत्व दिइरहेको पार्टी हो । व्यवहारले यसको पुष्टि गरेको थियो, देखाएको थियो । विश्व बैंकको हालै प्रकाशित तथ्यांकले पनि एमाले सरकारमा नहुँदा मुलुक कसरी कमजोर हुन्छ भन्ने पुष्टि भयो,' उनले भने ।

■■■

### नेपाल लगातार...

बंगलादेश विश्वकपपछि लगातार खराब प्रदर्शन गरेका कारण विश्वकप खेल्न नपाएको नेपाल १० वर्षपछि २०२४ को विश्वकपमा छनोट भएको थियो । उक्त विश्वकपमा दक्षिण अफ्रिकाविरुद्ध उत्कृष्ट प्रदर्शन गर्दै विश्वक्रिकेटमा आफ्नो दरिलो उपस्थिति जनाएको थियो । ओमानमा जारी छनोटअन्तर्गत बुधबार सम्पन्न खेलमा युएईले सामोआलाई पराजित गरेपछि सुपर सिक्समा दुवै जितसहित छ अंक जोडेको नेपालको विश्वकप यात्रा पक्का भएको हो । जारी सिरिजमा समूहचरणको खेलमा जापान र कुवेतलाई पराजित गरी नेपाल समूह विजेताको रूपमा सुपर सिक्समा प्रवेश गरेको थियो ।

सुपर सिक्समा नेपालले युएई र कतारलाई पराजित गर्दै चार अंक जोडेको थियो । समूह विजेताको रूपमा पाएको दुई अंकसहित कूल छ अंक जोडेको नेपाल युएईले सामोआलाई पराजित गरेसँगै विश्वकपमा छनोट भएको हो । जबकि, नेपालले ओमान र सामोआसँग खेल्न बाँकी नै थियो । यो समाचार तयार पार्दासम्म नेपाल र ओमानबीचको खेल जारी थियो ।

■■■

### ओमानलाई...

नेपालले दिएको १५२ रनको लक्ष्य पछ्याएको ओमान २० ओभरमा नौ विकेट गुमाएर ११३ रनभित्रै समिटियो । ओमानका लागि विनायक शुम्लाले १९ बलमा सर्वाधिक ३२ रन बनाए । मोहम्मद नदीमले २५ रन बनाए ।

नेपालका लागि गुल्सन झाले तीन विकेट लिए । नन्दन यादव र सोमपाल कामीले दुई-दुई तथा सन्दीप लामिछानेले एक विकेट लिए ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेपालले २० ओभरमा नौ विकेट गुमाएर १५१ रन बनाएको थियो । ओपनर कुशल भुर्तेलले ६९ रनको योगदान गरे । आसिफ शेखले २४ रन बनाए । गुल्सनले १८ र आदिल आलमले १६ रन बनाए ।

नेपालसँगै ओमान पनि अर्को वर्ष भारत र श्रीलंकामा हुने टि-२० विश्वकपका लागि छनोट भइसकेको छ ।

■■■

### एमालेबाहेक...

बुधबार सभामुख घिमिरेले बोलाएको बैठकमा एमाले प्रमुख सचेतक महेश बर्तौलाले प्रतिनिधिसभालाई जीवन्त राख्नुपर्ने र त्यसका लागि सभामुखले भूमिका निर्वाह गर्नुपर्ने बताए । त्यो भनेको सभामुख विघटनविरुद्ध सर्वोच्च अदालत जानुपर्छ भन्ने हो । 'जनप्रतिनिधिहरूको वैधानिक संस्थालाई जीवन्त राख्नुपर्छ । त्यसको न्यायिक परीक्षण हुनैपर्छ,' उनले प्रभावसँग भने, 'यसमा राजनीतिक दलहरूको साथ चाहिन्छ र सभामुखले पनि भूमिका निर्वाह गर्नुपर्छ, जसबाट संसद् पुनर्स्थापना हुन सक्छ ।'

सभामुखको सचिवालयले बुधबार १० राजनीतिक दलका प्रमुख सचेतकहरूको बैठक बोलाएको थियो । बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), जनता समाजवादी पार्टी, जनमत पार्टी र नागरिक उन्मुक्त पार्टीका प्रमुख सचेतकहरू बैठकमा सहभागी नभएको सभामुखका प्रेसविज्ञ शेखर अधिकारीले बताए । उनका अनुसार एमाले प्रमुख सचेतक बर्तौला, कांग्रेसका श्यामकुमार घिमिरे, माओवादीका हितराज पाण्डे, राष्ट्रिय स्वतन्त्र पार्टी (राप्रपा)का ज्ञानेन्द्र शाही, एकीकृत समाजवादीका राजेन्द्र पाण्डे र जसपा नेपालकी रेखा यादव उपस्थित थिए ।

बैठकमा राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहाल र उपाध्यक्ष विमला घिमिरेलाई पनि बोलाइएको थियो । तर, दुवै सहभागी भएनन् । बैठकमा सहभागी एक नेताका अनुसार सभामुख घिमिरेले सुरुमै भनेका थिए, 'प्रतिनिधिसभा विघटनविरुद्ध सर्वोच्चमा रिट पर्‍यो । यसमा तपाईंहरूको धारणा के हो ? मैले के गर्नुपर्छ ? राय माग्न तपाईंहरूलाई बोलाएको हुँ ।'

उनले आफू सधैं लोकतन्त्र र संविधानको रक्षाका लागि क्रियाशील रहने पनि बताए । उनीपछि विघटित प्रतिनिधिसभामा कांग्रेसका प्रमुख सचेतक घिमिरेले सर्वोच्च अदालतमा विघटनविरुद्ध रिट परिसकेको र सर्वोच्चले गर्ने व्याख्या र फैसलालाई मान्दै चुनावी तयारीमा लाग्नुपर्ने बताए ।

'हामी आठ दलका प्रमुख सचेतकहरूले अस्ति नै प्रतिनिधिसभा विघटन असवैधानिक छ भनिसक्यौं । कांग्रेस कार्यसम्पादन समिति बैठकले पनि त्यही भन्यो,' घिमिरेले भने, 'तर, यसो भन्दै गर्दा कांग्रेस लोकतान्त्रिक पार्टी हो, यो भुल्नु हुँदैन । मतलव चुनावबाट कांग्रेस भाग्दैन ।'

कांग्रेसमा जेन-जी आन्दोलनपछिको प्रतिनिधिसभा विघटनबारे मतभिन्नता छ । संस्थापनपक्षले विघटनविरुद्ध न्यायिक परीक्षण हुनुपर्ने र इतरपक्षले विघटनलाई स्वीकारेर चुनावी प्रक्रियामा सहभागी हुनुपर्ने बताउने गरेका छन् ।

माओवादी केन्द्रका प्रमुख सचेतक पाण्डेले संविधानको किताब हेरेर अहिलेको निकास ननिस्कने र कमजोरी के कस्ता छन् भनेर समीक्षा गर्नुपर्ने बताए । उनले भने, 'संविधानको किताब हेर्दा यो सरकार गठन र विघटनलाई असंवैधानिक देखिन सक्छ तर अहिलेको परिस्थिति ख्याल गर्नुपर्छ । अहिलेको परिस्थितिमा निकास भनेको चुनाव नै हो ।'

राप्रपा प्रमुख सचेतक शाहीले भने प्रत्यक्ष निर्वाचित कार्यकारीमा जाने भए र प्रदेश खारेजी गर्ने भएमात्रै राप्रपाले प्रतिनिधिसभा पुनर्स्थापनामा जान साथ दिन सकिने बताए । होइन भने ताजा जनादेशका लागि चुनावको विकल्प नभएको उनको भनाइ थियो । एकीकृत समाजवादीका वरिष्ठ उपाध्यक्षसमेत रहेका पाण्डे र जसपा नेपालकी यादवले जेन-जी आन्दोलनलाई सम्बोधन गर्न भए पनि चुनावमा जानुपर्ने बताए ।

यसरी एमालेबाहेकका दलहरू सभामुख प्रतिनिधिसभा विघटनविरुद्ध सर्वोच्च अदालत जानुपर्छ भन्नेमा देखिएनन् । दलपछि उनले आज पूर्वमहान्यायाधिवक्ताहरू, बार एसोसिएसनका पदाधिकारीहरू र सर्वोच्च बारका पदाधिकारीहरूसँग छलफल गर्दै छन् । छलफलपछि मात्रै सभामुखले प्रतिनिधिसभा विघटनविरुद्ध रिट लिएर जाने कि नजाने भन्नेमा निर्णय लिने भएका छन् ।

गत २७ भदौमा प्रधानमन्त्री सुशीला कार्कीको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधिसभा विघटन गरेका थिए । त्यसबेला विघटन गर्दा कुनै संवैधानिक प्रावधानलाई टेकिएको थिएन । आवश्यकताको सिद्धान्त भन्दै विघटन गरिएको थियो ।

■■■

### विघटनविरुद्ध...

तीनवटा दर्ता गर्न बाँकी छ । प्रक्रिया पुगेपछि ती रिटहरू दर्ता हुने उनको भनाइ छ । गत २३ र २४ भदौमा भएको जेन-जी आन्दोलनपछि अन्तरिम सरकार गठन भएसँगै प्रतिनिधिसभा विघटन गरिएको थियो । विघटनको उक्त निर्णयको संवैधानिक परीक्षण हुने भएको हो ।

■■■

### क्रोएसियाले...

क्रोएसियाली पेन्सन बिमा संस्थानको तथ्यांकअनुसार २०२५ को मध्यसम्म विगत वर्षको सोही अवधिमा भन्दा १७ प्रतिशत बढी अर्थात् ३७ हजार ५०० भन्दा बढी अवकाशप्राप्तहरू त्यस्तो काममा फर्किएको इटिआइएएसले उल्लेख गरेको छ । क्रोएसियामा पहिले नै रहेका धेरै कामदारहरूले पनि श्रम स्वीकृति नवीकरण गरेर लामो समय बस्न थालेको पाइएको छ ।

विगतमा सबैभन्दा बढी विदेशी श्रमिक माग गर्ने निर्माण उद्योग सबैभन्दा बढी प्रभावित भएको छ । जहाँ श्रमिकको माग करिब २८ प्रतिशत घट्दा खुद्रा क्षेत्रमात्र वृद्धि भएको देखिएको छ ।

क्रोएसियामा सबैभन्दा बढी बोस्निया र हर्जेगोभिनाका कामदारहरू रहे पनि उनीहरूको संख्या १७ घटेर करिब २५ हजार ७०० पुगेको छ । नेपाली कामदारहरू दोस्रो स्थानमा छन् । त्यहाँ करिब २५ हजार नेपाली छन् । त्यसपछि फिलिपिन्स र भारतका श्रमिकहरू छन् ।

विगतका केही अनुमानहरूले यो देशले २०३० सम्म पाँच लाख विदेशी कामदार ल्याउनुपर्ने हुन सक्छ भनेको थियो । अधिकारीहरूले अहिले भने यो आकडा बढी भएको बताउन थालेका छन् ।

हालका वर्षहरूमा विदेशी श्रमिकहरूको वृद्धिले क्रोएसियाको भुक्तानी प्रणालीको सन्तुलनमा ठूलो प्रभाव परेको जनाइएको छ । क्रोएसियाली राष्ट्रिय बैंकका अनुसार अस्थायी कामदारहरूले सन् २०२४ मा करिब १२ बिलियन युरो र २०२५ को पहिलो छ महिनामा ६७८ मिलियन युरो आम्दानी गरेका थिए । उक्त छ महिनामा यी कामदारहरूले आफ्नो मुलुकमा झण्डै ३०७ मिलियन युरो पठाएको तथ्यांक रहेको उल्लेख गरिएको छ । अघिल्लो वर्षको सोही अवधिमा २८५ मिलियन युरो कामदारहरूले आफ्नो मुलुक पठाएका थिए ।

क्रोएसिया नेपालीहरूका लागि आकर्षक रोजगार गन्तव्यको रूपमा रहँदै आएको छ । वैदेशिक रोजगार विभागका अनुसार गत आर्थिक वर्ष २०८१/८२ मा १३ हजार ८३५ जना श्रम स्वीकृति लिएर क्रोएसिया गएका थिए । त्यस्तै आव २०८०/८१ मा १५ हजार ३६१ जना, आव २०७९/८० मा सात हजार ४४१ जना, आव २०७८/७९ मा पाँच हजार ३४४ र २०७७/७८ मा एक हजार ९४ जना उक्त मुलुक गएका थिए । उदाउँदो युरोपेली श्रम गन्तव्यका रूपमा चिनिन थालेको क्रोएसियाले विदेशी श्रमिकलाई दिने श्रम स्वीकृति घटाउँदा नेपाली श्रमिकहरूसमेत प्रभावित हुने देखिन्छ ।

## कम्पनीको नाम परिर्वतन सम्बन्धी सूचना

**पहिलो पटक प्रकाशित मितिः २०८२/०६/३०**

यस कम्पनीको मिति २०८२/०५/१५ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **एक्टिभ प्रेस**को नाममा रहेको सम्पूर्ण चल अचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०५/३० गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **नोक्स मिडिया ग्रुप** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिर्वतन सम्बन्धी सूचना

**पहिलो पटक प्रकाशित मितिः २०८२/०६/३०**

यस कम्पनीको मिति २०८२/०५/१५ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **एक्टिभ लयर्स**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०५/२९ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **नोक्स ल ग्रुप** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०८०/०४/०३ मा दर्ता भएको प्रा.लि.नं. ३१५३८८ को **लिङ्कन एजुकेसन नेपाल प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०६/२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


**साउदीमा रोजगार** कम्पनी : LARSEN & TOUBRO SAUDI ARABIA LLC

पूर्व स्वीकृति मिति : २०८२/०६/२९ LT. No.332423 चलानी नं. ६०२४६१४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker Loading & Unloading | 77 | 0 | 1000 | ३७,६२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कार्तिक ६ गते (23rd Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Google Overseas Pvt.Ltd
KTM-4, Dhumbarahi, Nepal, Phone No.+977-01-4565296,
E-mail : info@googleoverseas.com Website : www.googleoverseas.com
श्रम ईजाजत नं. ६३१/०६३/०६४



**युएइमा रोजगारको अवसर** कम्पनी : ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०६/२७ LT. No. 332229 चलानी नं. ६०२४६१३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 200 | 0 | 1000 | ३८,४२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कार्तिक ६ गते (23rd Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Dream International H.R.
श्रम ईजाजत नं. १७३२/०८१/०८२
Chakrapath-4, Kathmandu, Head office, Nepal
Phone : 01-4548444, 9851030654, 9801031980, 9841781155, E-mail : info@dreamintl.com.np



**कुवेतमा रोजगार** कम्पनी : TLB FOOD STUFF GENERAL TRADING CO. शहर : Qasima

पूर्व स्वीकृति मिति : २०८१/०५/२० पुन विज्ञापन स्वीकृति मिति : २०८१/०६/२९ LT. No. 310276 चलानी नं.६०२२४९२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef/Kitchen Assistance | 10 | 0 | 125 | ५७,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver (Light/Heavy) | 10 | 0 | 150 | ६९,०९५ | | | | | | | |
| 3 | Steward/Dishwasher | 5 | 0 | 90 | ४१,४५५ | | | | | | | |
| 4 | Waiter | 5 | 4 | 120 | ५५,२७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कार्तिक ६ गते (23rd Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EXPRESS RECRUITER NEPAL PVT. LTD
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com



**मलेसियामा रोजगार** कम्पनी : POWER ARIES GUARDS SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/२९ LT. No. 332331 चलानी नं. ६०२४६११२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 45 | 0 | 1700 | ५६,८८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कार्तिक ६ गते (23rd Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Government License No. 1180/073/74
Fine Job Recruitment Pvt. Ltd.
Gyanjyoti Marga-4, Maharajgung, Kathmandu, Phone No. 01-4110722 / 4110721, 9801061512
E-mail : finejobrecruitment@gmail.com, GPO Box No.:- 6163 , web:- www.finejob.com.np



**मंगोलियामा रोजगार** कम्पनी : B & B CONSTRUCTION LLC

पूर्व स्वीकृति मिति : २०८२/०६/२९ LT. No. 329711 चलानी नं. ६०२४६१२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब NPR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labours | 25 | 0 | 68395 | ६८,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Finishing & Shuttering Carpenter | 25 | 0 | 68395 | ६८,३९५ | | | | | | | |
| 3 | Mason For Plaster ./ Block | 25 | 0 | 68395 | ६८,३९५ | | | | | | | |
| 4 | Steel Fixer(3 Yr Experience) | 25 | 0 | 68395 | ६८,३९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कार्तिक ६ गते (23rd Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 826/066/67
AP OVERSEAS PVT. LTD
Sorakhutte, Link Road, KTM, Nepal, Tel: +977-01- 4988574, 4988485,
E-mail: info@apoverseas.com.np,Website : www.apoverseas.com.np



**कुवेतमा रोजगार** कम्पनी : IEQ TECHNOLOGIES FOR PUBLIC FACILITIES MANAGEMENT

पूर्व स्वीकृति मिति : २०८२/०६/२९ LT. No. 332401 चलानी नं. ६०२४६१३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Cleaners | 25 | 0 | 90 | ४१,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GHANIYAH BEAUTY SALON COMPANY FOR LADIES

पूर्व स्वीकृति मिति : २०८२/०६/२९ LT. No. 332398 चलानी नं. ६०२४६१३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicure & Pedicure Beautician | 0 | 3 | 150 | ६१,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TRIPLE AND MORE SPA SALON COMPANY FOR LADIES BEAUTY

पूर्व स्वीकृति मिति : २०८१/०४/०८ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०६/२९ LT. No. 307873 चलानी नं. ६०२२२५७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician/manicure Pedicure/nail Technician/hair | 0 | 7 | 150 | ६१,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner/helper/worker | 0 | 3 | 90 | ४१,४५५ | | | | | | | |

कम्पनी : ROMANAH JUICE FOR REFRESHMENTS & JUICE CO.

पूर्व स्वीकृति मिति : २०८२/०६/२९ LT. No. 332402 चलानी नं. ६०२४६१३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 4 | 0 | 140 | ६४,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Juice Makers | 4 | 0 | 150 | ६१,९०५ | | | | | | | |
| 3 | Light Drivers | 3 | 0 | 140 | ६४,४९० | | | | | | | |

कम्पनी : DABOUL CHICKEN RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०६/२९ LT. No. 332400 चलानी नं. ६०२४६१३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 2 | 0 | 140 | ६४,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Light Driver | 2 | 0 | 140 | ६४,४९० | | | | | | | |
| 3 | Grill Cook | 4 | 0 | 150 | ६१,९०५ | | | | | | | |

कम्पनी : DANA KUWAIT FACTORY FOR BLACKSMITH WORKS COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०६/२९ LT. No. 332399 चलानी नं. ६०२४६१३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen. Electric Welder | 13 | 0 | 150 | ६१,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helpers (Steel/fabrication) | 19 | 0 | 110 | ५०,६७० | | | | | | | |
| 3 | Light Driver/driver | 3 | 0 | 150 | ६१,९०५ | | | | | | | |
| 4 | Metal Spray Painter | 4 | 0 | 150 | ६१,९०५ | | | | | | | |
| 5 | Sales Man | 3 | 0 | 150 | ६१,९०५ | | | | | | | |
| 6 | Stainless Steel Fabracators | 7 | 0 | 170 | ७८,३०५ | | | | | | | |

कम्पनी : DANA KUWAIT FACTORY FOR BLACKSMITH WORKS COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०३/१३ पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०६/२९ LT. No. 326414 चलानी नं. ६०२४०३७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BARISTA | 3 | 2 | 150 | ६९,०५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | CHEF DE PARTIE PASTRY | 3 | 0 | 250 | ११,५०९८ | | | | | | | |
| 3 | Cleaners (Indoor) | 3 | 2 | 100 | ४६,०३९ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कार्तिक ६ गते (23rd Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075


## बकैया गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**हात्तीसुडे, मकवानपुर,**
**बागमती प्रदेश, नेपाल**

## क्याटलग सपिङ्ग विधिबाट एम्बुलेन्स खरिद सम्बन्धी प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०६/३०**

यस कार्यालयको लागि देहायका एम्बुलेन्स सार्वजनिक खरिद ऐन, २०६३ संशोधन सहितको दफा ८ को उपदफा १ (क) (८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ संशोधन सहितको नियम ३१ (ख) (१) बमोजिम त्यस्तो मेशिनरी उत्पादक कम्पनी वा सो को आधिकारिक बिक्रेताहरु बीच प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताहरुले आफ्नो उत्पादनको आधिकारिक स्पेशिफिकेसन, गुणस्तर र कम्पनीको आधिकारिक मूल्य खुल्ने कागजात (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा निवेदन दर्ता हुनुपर्ने र दर्ता भएका निवेदनहरु सोही दिन दिनको २:०० बजे दिउँसो नियमानुसार खोलिने (सो दिन सार्वजनिक बिदा भएमा बिदा पछिको कार्यालय खुलेको दिन) हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | सवारी साधनको नाम | संक्षिप्त विवरण | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| 1. | BRM/Cat/0/082-083 | Ambulance | • Hard Top Jeep, 4WD, Right Hand Drive Model, Power Steering, not less than 70 BPH at rated rpm and maximum torque should not less than 180 Nm. | १ (एक) | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical Specification बमोजिम हुनेछ । |

अन्य विस्तृत जानकारीको लागि कार्यालयको जिन्सी शाखामा (९८४५९०४६८२) सम्पर्क राख्न सकिनेछ साथै स्पेसिफिकेसनको लागि गाउँपालिकाको वेभसाईट : www.bakaiyamun.gov.np मा हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# मागअनुसार माटोका सामग्री बनाउन सकस

■ लक्ष्मी गारू



**भादगाउँ–** भक्तपुरको च्याम्हसिंहकी इन्दिरा प्रजापति पछिल्लो बिहान ४ बजे नै उठ्छिन् । उनी तिहारका लागि आवश्यक माटोका भाँडा बनाउन कुम्हाःया घचा (कुम्हालेको चक्र)मा बस्छिन् । तिहार नजिकिएसँगै इन्दिरालाई माटोको पालालगायतका सामग्री बनाउन भ्याइनभ्याइ छ । त्यसैले उनको दैनिक दिनचर्या बिहान ४ बजेदेखि नै सुरु हुन्छ । एकल महिला भएका कारण पनि उनलाई बेफुर्सदीले सताएको हो ।

'तिहारमा पालाको माग अत्याधिक मात्रामा हुने भएकाले यो समय कुमालहरूले अन्य भाँडा बनाउने काम गर्दैनन्,' उनले भनिन्, 'एकल महिला हुँ । सबै आफैंले गर्नुपर्छ । त्यसैले बिहान ४ बजे नउठे मागअनुसारको माटोको तिहार सामग्री बनाउन सकस पर्छ ।' छोराछोरी सबै विद्यालय जाने भएता पनि बिदा र फुर्सदको समयमा छोराछोरीले पनि सघाउने गरेको उनले बताइन् ।

भक्तपुर तालाक्वका विनोदकुमार प्रजापतिलाई पनि तिहारको सामग्री तयार गर्न भ्याइनभ्याइ छ । 'वर्षमा एकचोटी आउने तिहारमा हो, माटोको भाँडाबाट मनग्य आम्दानी हुने । त्यसैले भ्याइनभ्याइ त हुनैपर्‍यो नि,' उनी भन्छन् । हिन्दूहरूको दोस्रो ठूलो पर्व तिहार नजिकिएसँगै बजारमा माटोका विभिन्न प्रकारका भाँडाकुँडा र तिहारका सामग्रीको माग बढेकोले यतिबेला यहाँका कुमालहरूलाई भ्याइनभ्याइ छ । तिहार आउन एक साता पनि समय छैन । अबको दुई या तीन दिनभित्र मागअनुसारको सामग्री दिन नसके बनाएको व्यर्थ हुने भएकाले पनि भक्तपुरका कुमालहरूलाई माटोका तिहार सामग्री बनाउन चटारो परेको छ ।

माग धान्न कुमालले परिवारका महिला पुरुषमात्र होइन केटाकेटीसमेत माटोका सामग्री तयारीमा जुट्ने गरेका छन् । अहिले यहाँको तालक्वमात्र होइन सूर्यमढी, लिवाली, तुमुचो, च्याम्हासिंह र सूर्यविनायकका कुमालहरूले अन्य भाँडा बनाउने कार्यलाई थाँती राख्दै पाला बनाउने कार्यमा तल्लीन छन् । उनीहरू दैनिक अन्य कामलाई मात्र होइन, दसैंको नखःत्या (दसैंको पाहुना आउजाउ) समेतलाई थाँती राखी तिहारका लागि आवश्यक सामग्री तयार गर्न व्यस्त छन् ।

पोटरी स्क्वायरको नामले विश्वसामू परिचित भक्तपुरको तालक्वका अर्का कुम्हाले रामप्रसाद प्रजापतिलाई भर्खर सकिएको दसैंको नखःत्या जाने फुर्सदसमेत छैन । त्यसैले ससुराली र मामाघरकासमेत दसैंको नखःत्या नगई माटोको भाँडा बनाउन कुमालहरू व्यस्त रहने गरेको उनले बताए ।

'यो काममा परिवारका सबै सदस्य एकजुट भएर लागि परेकोले दसैंको नखःत्यासमेत जान भ्याएको छैन,' उनले भने, 'मेरो मात्र होइन यहाँका अधिकांश कुमालहरू यतिबेला अन्य सबै काम थाँती राखी तिहारका लागि सामग्री तयार गर्न व्यस्त छन् ।' बिहान सबेरै उठयो । अघिल्लो दिन नै तयार गरी राखेको माटोलाई थप तयार गरी पाला बनाउने, सुकाउने र सुकिसकेको पालालाई पोलेर तयार गरी मागअनुसार बजार पठाउने काममा नै दिन बित्ने गरेकोले अहिले अन्य भाँडाकुँडा बनाउने फुर्सद नभएको उनले बताए ।

तिहारका लागि एकमुखे पाला, दुईमुखे पाला, तीनमुखे पाला र चारमुखे पालासँगै धुपौरो, धूप राख्ने प्लेट, माटोको सुकुन्दा, बुट्टापाला बनाउन भ्याइनभ्याइ भएको तालक्वका विनोदकुमारले बताए । भक्तपुरमा उत्पादन हुने माटोका तिहारका सामग्री काठमाडौं उपत्यकालगायत देशका विभिन्न सहरमा पुग्ने गरेको भक्तपुरका कुमालहरू बताउँछन् । 'यहाँ उत्पादन भएका सामग्री चितवन, धाडिङ, पोखरा, काभ्रे, नौबिसे पठाउँछौं,' विनोदकुमारले भने ।

बजारमा बढी माग भनेको एकमुखे र चारमुखे पाला, धुपौरो र सुकुन्दाको बढी माग रहेको उनले बताए । बजारमा जतिसुकै आधुनिक र विद्युतीय सामग्री आए पनि परम्पराअनुसार चल्ने भएकोले त्यति धेरै असर यो व्यवसायमा नपरेको उनले बताए । बजारमा पालाको मूल्य काँचो भए सानो आकारको दुई रूपैयाँ र पोलेको भए दुई रूपैयाँ ५० पर्ने उनी बताउँछन् ।

उनका अनुसार अहिले पालाको आकार र डिजाइनअनुसार दुई रूपैयाँदेखि २५ रूपैयाँसम्म, धुपौरो २५ र ५० रूपैयाँ, धूप राख्ने प्लेट ५० र १०० रूपैयाँ र सुकुन्दा १५०, २५०, ३५० र एक हजार रूपैयाँसम्मको पाइन्छ । तिहारमा विद्युतीय रंगीचंगी बत्ती बालेर झिलिमिली पार्ने गरे पनि पालामा दियो बाल्नुपर्ने परम्परा भएकाले तिहारमा बर्सेनि पालाको माग बढ्ने गरेको तालक्वकै पञ्चमाया प्रजापतिले बताए । उनले पछिल्लो सयम विद्युतीय सामानसँगै मैनबत्ती बाल्ने प्रचलन देखिए पनि दियो जस्तो सुरक्षित नभएपछि पालाको माग बढेको तर्क गरे ।

भक्तपुरमा तयार गरिएका पाला होलसेल व्यापारीलाई बिक्री गरिन्छ । होलसेल व्यापारीले पालाको साइजअनुसार ठूलो सानो हेरी मूल्य निर्धारण गरेर त्यसमा केही मुनाफा राखेर काठमाडौं उपत्यकाका विभिन्न स्थानका बिक्रेतामार्फत उपभोक्तामाझ पुर्‍याउने गरेको उनले बताए । उनले बजारको माग र उत्पादनको अनुपातले बजार मूल्य निर्धारण गर्ने भएकाले स्थान विशेषका आधारमा पालालगायत माटोका तिहारका सामग्रीको मूल्य फरक पर्नसक्ने बताए । 'ढुवानीका कारणले पनि बजारमा मूल्य फरक हुनसक्छ,' उनले भने ।

तिहार विशेषगरी धनकीदेवी लक्ष्मीको पूजा गर्ने पर्व पनि भएकाले तिहारमा फलफूल, सयपत्री फूलसँगै झिलिमिली बत्ती बाल्ने गरिन्छ । धनकीदेवी लक्ष्मीलाई घरमा भित्र्याउन तिहारमा झिलिमिली बत्ती बाल्ने परम्परा रहेको छ । तिहारको लक्ष्मी पूजाको दिन दिपावली गर्न घरको दैलो, झ्याल ढोका, कौशी, बरण्डालगायतका स्थानमा पालाको दियो बाली झिलिमिली पार्ने परम्परा रहेको छ । *रासस*

# लक्षित वर्गको उपचारका लागि वीर अस्पतालमा सहजीकरण कक्ष



**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले विपन्न, असहाय, बेवारिसेलगायत निःशुल्क उपचार प्राप्त गर्ने लक्षित वर्गका लागि वीर अस्पतालमा सहजीकरण कक्ष स्थापना गर्ने भएको छ । लक्षित वर्गका लागि उपचार प्रभावकारी बनाउन वीर अस्पतालमा सहजीकरण कक्ष स्थापना गर्न थालिएको हो ।

मंगलबार कामपा स्वास्थ्य विभागका प्रमुख दीपक केसी र अस्पतालका निर्देशक प्रा.डा. दीलिप शर्माले सम्झौतापत्रमा हस्ताक्षर गरे । सम्झौताअनुसार अस्पतालले सहजीकरण कक्षका लागि स्थान उपलब्ध गराउने छ । कक्षमा नर्सिङ विषय अध्ययन गरेका तीन जना जनशक्ति करार सेवामा राख्ने छ । यसरी राखिएका जनशक्तिको पारिश्रमिक कामपाले उपलब्ध गराउने छ ।

उक्त कक्षबाट कामपाको अनलाइन प्रणालीमार्फत उपचारका लागि आएका बिरामीलाई विभिन्न निजी तथा सामुदायिक अस्पतालमा पुर्‍याउने काम हुने कामपा स्वास्थ्य विभागका प्रमुख केसीले जानकारी दिए ।

महानगरले २०८० फागुन १ गतेदेखि लक्षित वर्गका लागि निःशुल्क उपचार सेवा उपलब्ध गराउँदै आएको छ । यसमा देशभित्रका कुनै पनि ठाउँका व्यक्तिले रोगको निदान, प्रयोगशाला परीक्षणसहितको उपचार प्राप्त गर्न सक्ने छन् । लक्षित वर्गले तीन वटा विधिमध्ये कुनै एक विकल्पबाट सेवा प्राप्त सकिने कामपाले जनाएको छ ।

'पहिलो विपन्न परिचयपत्र छ भने सीधै अस्पतालमा जान सकिन्छ । दोस्रोमा विपन्न परिचयपत्र छैन भने आफू बसोबास गरिरहेको वडाबाट तोकिएको ढाँचामा सिफारिस, सर्जमिन मुचुल्कासहितका कागजपत्र लिएर सेवा लिन जान सकिन्छ । तेस्रोमा यी दुईवटै अवस्थाका कागजपत्र लिन नसक्नेहरूले आफू विपन्न भएको प्रमाण लिएर महानगरको निःशुल्क स्वास्थ्य सेवा सहजीकरण एकाइमा सम्पर्क गर्न सक्ने छन्,' कामपा स्वास्थ्य विभागका प्रमुख केसीले भने ।

अहिलेसम्म उक्त सेवा हर्निया, हाइड्रोसिल, पाठेघर, स्नायु तथा नशाको, पित्तथैलीको पत्थरीको, मिर्गौलामा पत्थरी भएको, हाडजोर्नीको, नाक, कान र घाँटीजस्ता शल्यक्रिया गर्नुपर्ने बिरामीले अपरेसनको सुविधा लिइरहेका छन् ।

यस्तै जटिल खालको मधुमेह, मिर्गौलाको रोग, क्षयरोग, उच्च रक्तचाप, दम, मधुमेह, दीर्घ कलेजोको रोगको उपचार, आकस्मिक स्वास्थ्य सेवा, नशा तथा स्नायुको उपचार, श्वासप्रश्वाशसम्बन्धी समस्याको उपचार, मूत्र प्रणाली तथा पिसाबसम्बन्धी सेवा उपलब्ध भइरहेको जनाइएको छ । कामपाको यो प्रणालीमा निजी क्षेत्रबाट सञ्चालित ५३ वटा अस्पतालका ३८० शयया आबद्ध भएका छन् ।

# निष्पक्ष चुनावका लागि सघाउने सर्वोच्च बारको प्रतिबद्धता

**काठमाडौं (प्रस)–** सर्वोच्च अदालत बार एसोसिएसनले आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र निष्पक्ष तुल्याउने सरकारको अभियानमा सहयोग गर्ने प्रतिबद्धता जनाएको छ ।

गृहमन्त्री ओमप्रकाश अर्यालसँग सर्वोच्च अदालत बार एसोसिएसनका कार्यवाहक अध्यक्ष अम्बर राउतसहितका पदाधिकारीले बुधबार भेट गरी मुलुकमा शान्ति सुव्यवस्था र आमजनतामा सुशासनको प्रत्याभूति दिलाउन आग्रह गरे ।

उनीहरूले भ्रष्टाचार नियन्त्रण, कानुनी शासनलगायत जेन-जी पुस्ताले उठाएको माग सम्बोधन गर्न पनि सरकारको ध्यानाकर्षण गराएको गृहमन्त्रीको सचिवालयले जानकारी दिएको छ ।


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १२ अंक १६९ असोज २९ गते २०८२ मा प्रकाशित Workforce Services Pvt. Ltd. को Lot No. 332409 को Mohammed bin Barak bin Amer Al-Sairi Warehousing Establishment कम्पनीको विज्ञापनमा साउदी रोजगारमा Load And Unload Workers को **अन्तरवार्ता मिति २०८२ कार्तिक ५ गते (22nd Oct.2025)** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा अनुरोध छ ।

WORKFORCE SERVICES PVT. LTD.
श्रम ईजाजत नं. १७२/०५६/५७
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np



## बेविलोन उपभोक्ता सहकारी संस्था लि.

**का.म.न.पा-७, चावहिल, काठमाडौं, सम्पर्क नं.०१-४५९७९२१**

**कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना**

*प्रथम पटक प्रकाशित मिति २०८२/०६/३०*

यस संस्थाबाट तपसिलका सदस्यले आफ्नो व्यवसाय सञ्चालन गर्न निम्न लिखित अचल सम्पत्ति धितो राखी लिनुभएको कर्जालाई यस संस्थासँग गरेको सम्झौता वमोजिम समय-समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा अन्य दस्तुर चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत ऋणी तथा जमानतकर्ताले सो को पूर्ण बेवास्ता गर्दै कर्जा चुक्ता गर्न कुनै चासो नदेखाउनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र कर्जा चुक्ता भुक्तानी हुने मिति सम्मको सम्पूर्ण साँवा, ब्याज तथा अन्य दस्तुर रकम फछ्र्यौट गर्न/गराउनको लागि सम्बन्धित ऋणी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ र यो सूचनाको समेत बेवास्ता गरी बस्नु भएमा यस संस्थाले प्रचलित ऐन, नियम कानून, विनियम वमोजिम धितो सुरक्षण लिलाम विक्रीको प्रक्रिया अगाडि बढाउने व्यहोरा पनि जानकारी गराइन्छ । सोह्र

**तपसिल**

| सि.नं. | ऋणीको नाम | फोटो | जमानीको नाम |
|---|---|---|---|
| १ | **ऋणी** : किरण नगरकोटी सुनार<br>**हजुरबुवा** : श्याम लाल सुनार<br>**बुवा** : कृष्ण बहादुर सुनार<br>**ना.प्र.प.नं.** १३२७९<br>**स्थायी ठेगाना** : काठमाडौं, जोरपाटी |  | **नाम : रमेश सुनार**<br>स्थायी ठेगाना : नुवाकोट<br>हजुरबुवा : जित बहादुर सुनार<br>बुवा : गोपाल कृष्ण सुनार<br>ना.प्र.नं |
| २ | **ऋणी** : समी तामाङ<br>**हजुरबुवा** : मेघ नारायण लामा<br>**बुवा** : उत्तर तामाङ<br>**ना.प्र.प.नं.** ३०-०१-७४-०२४४५<br>**स्थायी ठेगाना** : तेमाल गा.पा-५, काभ्रेपलाञ्चोक |  | |
| ३ | **ऋणी** : अशोक कुमार अधिकारी<br>**हजुरबुवा** : नन्द लाल अधिकारी<br>**बुवा** : गोपाल प्रसाद अधिकारी<br>**ना.प्र.प.नं.** २७१०१५/१२१६२१<br>**स्थायी ठेगाना** : जोरपाटी-३, काठमाडौं |  | **नाम : बिनोद लिम्बु**<br>ठेगाना : चौबीसे-७, धनकुटा<br>हजुरबुवा : ज्ञान बहादुर लिम्बु<br>बुवा : हाडपाल लिम्बु<br>ना.प्र.नं |
| ४ | **ऋणी** : श्रीकृष्ण रिजाल<br>**हजुरबुवा** : गणेश प्रसाद रिजाल<br>**बुवा** : झाक प्रसाद रिजाल<br>**ना.प्र.प.नं.** २५७९०/३२२८१<br>**स्थायी ठेगाना** : जोरपाटी-१, काठमाडौं |  | **नामः मनिषा मानन्धर**<br>ठेगाना : हेटौडा-६, मकवानपुर<br>हजुरबुवा : नुच्चे बहादुर मानन्धर<br>बुवाः राजेन्द्र कुमार मानन्धर<br>ना.प्र.नं |
| ५ | **ऋणी** : अनु तामाङ<br>**हजुरबुवा** : लभ्प दोर्जे तामाङ<br>**बुवा** : फुर्वा तामाङ<br>**ना.प्र.प.नं.** १५२३३७<br>**स्थायी ठेगाना** : सल्लेरी-५, सोलुखुम्बु |  | **नाम : मया तामाङ**<br>स्थायी ठेगाना : सल्लेरी-५, सोलुखुम्बु<br>बुवा : फुर्वा तामाङ<br>ना.प्र.प.नं. ११-०१-६९-०२११० |
| ६ | **ऋणी** : दिलिप भुजेल<br>**हजुरबुवा** : जित बहादुर भुजेल<br>**बुवा** : कण बहादुर भुजेल<br>**ना.प्र.प.नं.** १९७५/६२<br>**स्थायी ठेगाना** : सिटलपाटी-३, संखुवासभा |  | **नाम : गजेन्द्र सिं कटुवाल**<br>स्थायी ठेगाना : सिटलपाटी-३, संखुवासभा<br>बुवा : नारायण<br>ना.प्र.नं १०-०१-७२-००९५९ |
| ७ | **ऋणी** : उमेश रिमल<br>**हजुरबुवा** : दिन नाथ रिमल<br>**बुवा** : ऋषेश्र रिमल<br>**ना.प्र.प.नं.** ५३९२८<br>**स्थायी ठेगाना** : खड्गभञ्ज्याङ-२, नुवाकोट |  | **नाम : प्रकाश तामाङ**<br>ठेगाना : मेलम्ची-५, सिन्धुपाल्चोक<br>हजुरबुवा : काजी मान तामाङ<br>बुवा : सानु विर बहादुर तामाङ<br>ना.प्र.नं १४५१६३ |
| ८ | **ऋणी** : उषा तामाङ<br>**हजुरबुवा** : हर्क बहादुर तामाङ<br>**बुवा** : राज कुमार तामाङ<br>**ना.प्र.प.नं.** १८६६१<br>**स्थायी ठेगाना** : दमक-१५, झापा |  | **नाम : निलम बस्नेत**<br>हजुरबुवा : पदम बहादुर बस्नेत<br>बुवा : गंगा बहादुर बस्नेत<br>स्थायी ठेगाना : दमक-१५, झापा |
| ९ | **ऋणी** : दिपक तामाङ ग्यावक<br>**हजुरबुवा** : ललित बहादुर तामाङ<br>**बुवा** : लोक बहादुर तामाङ<br>**ना.प्र.प.नं.** २२१००३/६५<br>**स्थायी ठेगाना** : भेड्पु-८, दोलखा |  | **नाम : दिपेश थोकर**<br>स्थायी ठेगाना : भेड्पु-६, दोलखा<br>हजुरबुवा : रत्न बहादुर थोकर<br>बुवा : भीम बहादुर थोकर<br>ना.प्र.नं : ४०४६५/४१०० |
| १० | **ऋणी** : राज कुमार प्रसाद कुशवाहा<br>**हजुरबुवा** : अन्ता महतो<br>**बुवा** : गोर्खा महतो कोइरी<br>**ना.प्र.प.नं.** ३३१०५९/२८०४८<br>**स्थायी ठेगाना** : पत्रहट्टी-२, बारा |  | **नाम : दिकी शेर्पा**<br>स्थायी ठेगाना : भोजपुर<br>बुवा : पेम्वा नुरु शेर्पा<br>ना.प्र.नं : ०९३००१/८७ |
| ११ | **ऋणी** : महिमा दहाल<br>**हजुरबुवा** : पदम बहादुरु राई<br>**बुवा** : शन्त बहादुर राई<br>**ना.प्र.प.नं.** २२३०४१/४८०<br>**स्थायी ठेगाना** : कौशल्टार-६, भक्तपुर | | **नामः रमेश प्रसाद दहाल**<br>बुवाः लेखनाथ दहाल |
| १२ | **ऋणी** : राजु मिलन कपाली<br>**हजुरबुवा** : सानु मान कपाली<br>**बुवा** : अष्टमान कपाली<br>**ना.प्र.प.नं.** १९६९/१३२१<br>**स्थायी ठेगाना** : धोबीघाट-३३, काठमाडौं |  | **नाम : पुनम कपाली**<br>स्थायी ठेगाना : काठमाडौं-७, काठमाडौं<br>हजुरबुवा : राम बहादुर जोशी<br>बुवा : भक्त बहादुर जोशी<br>ना.प्र.नं : २१३५/२६११/१९७२ |



## गौरीशंकर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**सुरी, दोलखा**

**प्रकाशित मिति : २०८२/०६/३०**

मितिमा २०८२/०५/०५ गते सार्वजनिक खरिद अनुगमन कार्यालयको धभदकष्तभ मा प्रकाशित सूचनामा उल्लेखित अन्तिम म्याद भित्र पर्न आएका बोलपत्रहरु मध्ये देहाय बमोजिमका बोलपत्रदाताहरूको प्राविधिक प्रस्ताव मूल्यांकन गर्दा सूचनामा माग भए अनुसारको योग्यताका आधारमा योग्य भई सारभूतरुपमा प्रभावग्राही देखिएकोले हुँदा सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन) को नियम ३१(ज) को उपनियम (४) बमोजिम तपशिलका प्राविधिक प्रस्तावमा सफल हुने देखिएकोले सफल बोलपत्रदाताहरूको आर्थिक प्रस्ताव सोहि नियमको उपनियम (५) अनुसार मिति २०८२/०७/१४ गते दिनको १:०० बजे यस कार्यालयमा खोलिने भएकोले सम्बन्धित सबै बोलपत्रदाताहरूलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| ठेक्का नं। | कामको विवरण | प्राविधिक प्रस्तावमा सफल हुने बोलपत्रदाताहरूको नाम र ठेगाना |
|---|---|---|
| 03/GRM/NCB/ Works/R/2082-83 | Construction work of Bhorle Gaupalika Sadak. | Kantipath- Kambise JV, Lalitpur, Nepal. |
| | | Sukre – Sagar & Shisir JV, Bhimeshwor-10, Dolakha. |
| | | Sahayogi- All- Thalding JV, Dolakha. |
| | | Cho-Rolpa- Super Like JV, Jorpati, Kathmandu. |

**प्रमुख प्रशासकीय अधिकृत**



## उदयपुरगढी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**
**उदयपुरगढी, उदयपुर**
**कोशी प्रदेश, नेपाल**

**सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना**

*दोस्रो पटक पत्रिकामा सूचना प्रकाशित मितिः–२०८२–०६–३० गते*

१. उदयपुरगढी गाउँपालिकाको आ.व.२०८२/०८३ का लागि स्वीकृत कार्यक्रमबाट तपसिल बमोजिमका खरिद कार्य गर्नुपर्ने भएकोले इजाजत प्राप्त फर्म/कम्पनीहरूलाई उल्लेखित शर्तहरूको अधिनमा रही रितपूर्वक विद्युतीय खरिद प्रक्रिया (E–bid) मार्फत सहभागी हुन जानकारीको लागि यो सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. र प्रकार | कामको विवरण | लागत अनुमान रकम (VAT) सहित रु. | सिलबन्दी दरभाउ पत्र जमानत रकम रु. | सिलबन्दी दरभाउ पत्र खरिद रकम रु. | सिलबन्दी दरभाउ पत्र बुझाउने अन्तिम मिति | सिलबन्दी दरभाउ पत्र खुल्ने मिति | रकम जम्मा सम्बन्धी विवरण |
|---|---|---|---|---|---|---|---|---|
| १. | URM//SQ/ Goods/Med/ Rebid/02-2082/83 | Purchase and Supplies of Medical Goods | १३,००,०००.०८/- | ३५,०००/- | १,०००/- | २०८२-०७-१४ समयः-१२:०० बजे | २०८२-०७-१४ समयः-१३:०० बजे | सानिमा बैंक, राजस्व खाता नं. : १२४०१००४००००००१ धरौटी खाता नं. : १२४०१००४००००००१५ उदयपुरगढी शाखा |

**नोट** : सिलबन्दी दरभाउपत्र सम्बन्धी विस्तृत जानकारीको लागि यस कार्यालयको website: www.udayapurgadhimun.go.np हेर्नुहुन अथवा कार्यालयको सम्पर्क नं. ९८६०६२३१६२/९८५२८३५२७९/९८४५२३०८२७/९८४००३२६८२ मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# शान्ति सुरक्षा कायम गर

जेन-जी विद्रोहपछि गठन भएको सरकारले महिना दिन पूरा गरिसकेको छ । परिवर्तनकारीको साथ पाएको सरकारले एक किसिमको अमनचयन कायम गर्नेमा जनता ढुक्क थिए । तर दिनानुदिन त्रासदीपूर्ण घटना बढेका छन् । भदौ २४ गते फरार रहेका कैदीहरूका कारण हिंसात्मक घटना हुने क्रम छ । जेन-जीको नाममा कार्यालयहरूमा पुगेर कर्मचारीहरूलाई धक्याउने प्रवृत्ति बढेका छन् । कुनै बेला राजनीतिक दलका भ्रातृ संगठनको शैलीमा युवाहरू जेन-जीको नाम लिएर कर्मचारीमाथि खनिन थालेका छन् ।

सरकारले भदौ २३ गतेको दमनमा संलग्नलाई के गर्ने भनेर स्पष्ट सन्देश दिन सकेको छैन । तर उक्त आन्दोलनमा सहभागी भएकाहरू विभिन्न नाममा पक्राउ पर्न थालिएको छ । जातीय द्वन्द्व निम्तिने खालका घटनाहरू बढिरहेका छन् । कुनै व्यक्तिको नाम मन्त्री बन्नेको सूचीमा आउँदा जात र लिंगकै आधारमा आरोप लगाउने क्रम बढ्दो छ । यतिमात्र हैन यसरी आरोपितहरू समाजबाट तिरस्कृत हुने अवस्था र ज्यानै मार्नेसम्मको धम्की सहन बाध्य छन् ।

भ्रष्टाचार र अनियमितताका कारण दलहरूको नेतृत्वको सरकार ढलेको हो । दलहरूको दबदबा र लाचारीका कारण संसद् पनि विघटन भयो । युवाहरूको परिवर्तनको यो क्रान्तिलाई सरकार परिवर्तनमार्फत स्वीकार गरिसकेको छ । तर यो सरकारले पछिल्लो तरलतालाई व्यवस्थापन गर्न सकिरहेको छैन । नयाँ सरकारले उद्योगी, कर्मचारीलाई निर्धक्क भएर काम गर्न मिल्ने वातावरण बनाइदिनुपर्छ । देशको सुरक्षामा खटिएका सुरक्षा निकायमाथि निरन्तर प्रश्न उठिरहेको छ । सेनाले सार्वजनिक सम्पत्ति रक्षा गरेन, प्रहरीले केही काम गरेन भन्दै चौतर्फी प्रश्न उठाइएको छ भने प्रहरीलाई सत्तापक्ष र विपक्ष दुवैले अपजस दिने काम गरिरहेको छ ।

सेना होस् या प्रहरी उनीहरू राष्ट्रसेवक हुन् । उनीहरूले गरेका कमीकमजोरीलाई छानबिन गरी कारबाहीमा ल्याउनुपर्छ । सम्बन्धित कमाण्डले यस विषयमा जाँचबुझ गर्छ नै । तर निश्चित व्यक्ति वा कमाण्डलाई देखाउँदै सिंगो संस्थालाई आक्षेप लगाउन मिल्दैन । यसो गर्दा मनोबल गिर्छ । राष्ट्रसेवकको मनोबल उच्च बनाउनु आजको आवश्यकता हो ।

भदौ २४ को घटनापछि लगानीकर्ता त्रसित छन् । उनीहरूलाई नयाँ आशाको सञ्चार दिनु सरकारको दायित्व हो । त्रासदीपूर्ण घटनापछि अप्ठेरोमा परेका लगानीकर्तालाई सरकारले सुरक्षा र भविष्य निश्चिन्तता पार्ने खालको खाका तय गर्नु आजको आवश्यकता हो । भोलि के होला ? भनेर अन्योलमा पार्नु हुन्न । यसैले यी सबै त्रासलाई हटाएर आशा जगाउन शान्ति सुरक्षाको आड देऊ सरकार ।

# नेपालमा विकास प्रशासनको अवस्था



गम्भीरबहादुर हाडा

> विकास प्रशासनको कार्यान्वयनमा देखिएका कमजोरीहरूमा प्रायः सबैजसो विकासोन्मुख देशहरूमा राजनीतिक अस्थिरता छ । स्वार्थी राजनीतिक नेतृत्वको बोलवाला छ । राजनीतिक नेतृत्वमा देश बनाउने दूरगामी दृष्टिकोणको सट्टा जसरी भए पनि सत्ता प्राप्त गर्ने र सत्ता प्राप्त भएपछि आजीवन सत्तामा रहनुपर्दछ भन्ने प्रवृत्तिले जरा गाडेको छ । विकासोन्मुख देशका राजनीतिक संस्थाहरु भ्रष्टाचारका पर्याय भएका छन् । जनतालाई राजनीतिक खिचातानीको गोटी बनाउने गरिन्छ । स्थायी सरकारको रूपमा कार्यरत कर्मचारीतन्त्रमाथि वा प्रशासनतन्त्रमाथि राजनीति गर्ने गरिन्छ ।

आधुनिक धारणाको पक्षधर अर्थशास्त्रीहरूले राष्ट्रको उत्पादन, राष्ट्रिय आय, प्रतिव्यक्ति आम्दानी आदिको साथसाथै आधारभूत आवश्यकता, जीवनको भौतिक गुण सूचक, मानव विकास सूचक आदिजस्ता गैरआम्दानी परिसूचकलाई समेत आर्थिक विकासको मापदण्डको रूपमा लिएको पाइन्छ । आर्थिक विकासको मापदण्डलाई वर्तमान समयमा सूक्ष्म अर्थशास्त्र र बृहत् अर्थशास्त्र गरी दुईपक्षबाट हेर्न सकिन्छ । अर्थ व्यवस्थामा शिक्षा र प्रशिक्षणको सुविधामा वृद्धि हुनु, लगानीको मात्रामा वृद्धि हुनु, मानिसहरूको उत्पादन क्षमतामा वृद्धि हुने तथा समाजमा विद्यमान मूल्य, मान्यता, रहनसहनको स्तरमा क्रमिक सुधार आउनुलाई पनि आर्थिक विकासको मापदण्ड मानिएको छ । केही अर्थशास्त्रीहरूले शिक्षा, स्वास्थ्य, खाद्यान्न, पोषण, सीप, साक्षरता, रोजगारीको अवस्था, आधारभूत आवश्यकताको उपभोग, यातायातको सुविधा, वासस्थान, मनोरञ्जन, सामाजिक सुरक्षाजस्ता विषयहरूलाई आर्थिक विकासको सूचकको रूपमा लिएका छन् ।

सन् १९७० को दशकमा आधारभूत आवश्यकताको परिपूर्तिलाई आर्थिक विकासको सूचकका रूपमा लिन थालियो । मानिसका लागि खाद्यान्न, लत्ताकपडा, आवास, शिक्षा, स्वास्थ्य, मनोरञ्जनजस्ता क्षेत्रमा सुधार भएमा आर्थिक विकास भएको महसुस हुन पुग्यो । आर्थिक विकासको क्रममा प्रतिव्यक्ति र राष्ट्रिय आय वृद्धि हुनुका साथै मानिसको आर्थिक तथा सामाजिक स्तर अभिवृद्धि हुन्छ र उसको आधारभूत आवश्यकताहरू पूरा भई जीवनस्तरमा सुधार आउँछ । राष्ट्रिय उत्पादन, राष्ट्रिय आम्दानी तथा प्रतिव्यक्ति आम्दानीले आममानिसको आर्थिक स्थितिमा सुधार आउन नसकेको, गरिबीको संख्या बढ्दै गएको कारण मानवीय आर्थिक स्थिति सुधार ल्याउन र गरिबीको दुश्चक्रजस्तो घातक रोगसँग मुकाविला गर्नका लागि यस आधारभूत आवश्यकता मापदण्डलाई अगाडि सारिएको हो । यस मापदण्डअनुसार आर्थिक विकासको मापन गर्दा जनसंख्या गरिबीको आधारभूत आवश्यकता कति पूरा हुन सकेका छन् त्यसलाई आधार बनाउने गर्दछ ।

विकास प्रशासनको अवधारणा सन् १९६० को दशकको सुरुतिर उत्पन्न भएको र सो दशकको आधाआधीको समयदेखि नै अत्यन्त लोकप्रिय हुन गएको पाइन्छ । एडवर्ड डब्लु बेइडनर, यस अवधारणाका जनक हुन् । फेड, डब्लु रिग्स जोसेफला पालम्बर र अल्बर्ट वाटरसनजस्ता विद्वानहरूले पनि यस अवधारणालाई लोकप्रिय बनाउन ठूलो योगदान दिएका छन् । दोस्रो विश्वयुद्ध सन् १९३९-४५ पछि एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका धेरै देशहरू स्वतन्त्र भए र नवस्वतन्त्र तथा युद्धबाट क्षतिग्रस्त राष्ट्रहरूको अघिल्तिर विकास र पुनर्निर्माण एउटा ठूलो चुनौतीको रूपमा उपस्थित भयो । प्राविधिक सहयोग, पारस्परिकमैत्री, सञ्चार र शान्तिको आवश्यकताले बढाइदिएको राष्ट्रहरूको पारस्पारिक अन्तरनिर्भरताको कारणले अध्ययन र अनुसन्धानका विभिन्न क्षेत्रहरूप्रतिको, मानिसहरू, संघसंस्थाहरू र सरकारको रुचि र संग्लग्नतामा पनि वृद्धि हुन थाल्यो फलस्वरूप संघसंस्था तथा सरकारले बौद्धिक अनुसन्धान र अनुसन्धानको क्षेत्रमा पनि अनुदान सहयोग उपलब्ध गराउन थाले संयुक्त राज्य अमेरिकाका विद्वानहरूले विकास प्रशासनको क्षेत्रमा ठूलो चासो राख्न थाले र अमेरिकी विश्व विद्यालयहरूले पनि यस विषयलाई महत्त्व दिन थाले सार्वजनिक प्रशासनको निम्ति अमेरिकी समाजको तुलनात्मक प्रशासन समूहले विकास प्रशासनको अध्ययनमा ठूलो महत्त्व दिन थाल्यो । फोर्ड फाउण्डेसनजस्ता संस्थाहरूले विकास प्रशासनसम्बन्धी सम्मेलन, गोष्ठी र बैठकहरूको सञ्चालन गर्न र पुस्तक पुस्तिकाहरू प्रकाशन गर्न ठूलो सहयोग राशी उपलब्ध गराए ।

विकास प्रशासनका सिद्धान्तहरूमा विकास आयोजनाका उद्देश्य, कार्यक्रम र कार्यनीतिका बीच सामञ्जस्यता कायम गर्ने, उद्देश्यमूलक विकास योजना प्रक्रिया अवलम्बन गर्ने, विकाससम्बन्धी नीति निर्माण, कार्यान्वयन, अनुगमन मूल्यांकनबीच सामञ्जस्यता कायम गर्ने, परिवर्तनमुखी, परिणाममुखी र जनसहभागितामूलक विकास प्रक्रिया अवलम्बन गर्ने, आयोजना पद्धतिद्वारा विकास निर्माणमा प्रभावकारिता ल्याउने आदिजस्ता पर्दछन् ।

## १६औं योजनामा सुशासन तथा असल शासनसम्बन्धी नीति

शासकीय सुधार कार्यक्रमः सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सेवा प्रवाहको स्वमूल्यांकनजस्ता माध्यमबाट पारदर्शी, मितव्ययी, जवाफदेही र प्रभावकारी स्रोतसाधनको परिचालनः लक्षित वर्ग केन्द्रित कार्यक्रम विकासमा जनसहभागिता प्रवर्द्धन गर्ने स्रोतसाधन, शासकीय व्यवस्था, नीति निर्माण र कार्यान्वयन तहमा समन्यायिक प्रतिनिधित्व र अर्थपूर्ण सहभागिताका लागि सकरात्मक विभेदका विधिहरूको अवलम्वन गर्ने । आरक्षण तथा सकरात्मक विभेदका कार्यक्रम निजी, सहकारी तथा गैरसरकारी क्षेत्रमा विस्तार गर्ने आरक्षण व्यवस्थाको पुनरावलोकन तथा सुधार गर्ने; गरिबको पहुँच एवं लाभको न्यायोचित वितरण गर्ने गरिबी निवारणसम्बन्धी कार्यक्रममा समन्वय गर्ने संयन्त्र स्थापना गर्ने, स्थानीय तहबाट दुर्गम स्थानमा सेवा प्रवाहका लागि घुम्ती सेवा, विद्युतीय माध्यमलगायतका विधिको उपयोग गरी आधारभूत वस्तु तथा सेवामा पहुँच अभिवृद्धि गर्ने उद्देश्य तथा रणनीति राखिएको पाइन्छ ।

विकास प्रशासनले नेपालमा मात्र अपेक्षा गरिएअनुरूप उपलब्धि हासिल गर्न नसकेको होइन । विश्व परिवेशमै यसले खासै उत्साहजनक स्थिति देखाउन सकेको पाइँदैन । उपनिवेशबाट मुक्त भएका राष्ट्रहरू र साम्यवादी मुलुकहरूले योजनाबद्ध विकास प्रयासलाई अपनाई सरकारले नै विकासको जिम्मेवारी लिएता पनि अपेक्षा गरेजस्तो हुन सकेन । अन्य विकासोन्मुख मुलुकहरूजस्तै नेपाल पनि यो परिवेशबाट मुक्त हुन नसके पनि विकास प्रशासनबाट केही उपलब्धिहरू भने अवश्य भएका छन् ।

प्राथमिकता प्राप्त क्षेत्रमा लगानी प्रवर्द्धन गरी विकास प्रयास अघि बढाइएको छ । जनसहभागितात्मक विकास अवलम्बन भएको छ । समावेशी दुर्गम र पिछडिएको क्षेत्रको विकासलाई प्राथमिकता दिइएको छ । कर्मचारीको सीप र दक्षता अभिवृद्धि भएको छ । वैदेशिक सहायताको उपयोग क्षमतामा वृद्धि हुँदै गएको छ । नतिजामूलक योजना प्रणाली र अनुगमन कार्यान्वयन भइरहेको छ । सहस्राब्दी विकास लक्ष्यको कार्यान्वयन भइरहेको । सहभागितात्मक योजना प्रणालीको अवलम्बन गरिएको छ । विकेन्द्रीकरण र स्थानीय स्वायत्त शासन अवलम्बन गरिएको छ ।

वि.सं. २०१३ सालमा योजनाबद्ध विकासको सुरुआत भएपछि विकास प्रशासनको प्रयोग भएको । वि.सं. २०१३ मा नै प्रशासनयन्त्रलाई सक्षम बनाउन निजामती सेवा ऐन लागू । छैटौं योजनामा विकास प्रशासन नीति समावेश भएको । आठौं योजनामा राष्ट्रिय नीतिमा समावेश भएको । नवौं योजनामा व्यवस्थापन शब्दको प्रयोग गरी स्वच्छ, छरितो, कार्यमूलक, सेवामूलक, सक्षम, उत्पादनशील, मितव्ययी र उत्तरदायीपूर्ण बनाउने धारणा आएको । दशौं योजना तथा हालसम्मका १५औं पञ्चवर्षीय योजनामासमेत सुशासनलाई प्राथमिकता दिइएको छ ।

प्रशासन सुधारका विभिन्न प्रयासहरू समय-समयमा भइरहेको । परम्परागत विचारधारा आबद्ध प्रशासकलाई कसरी आधुनिक विचारधाराको प्रशासकको रूपमा परिवर्तन गर्ने भन्ने अभ्यासहरू भएका छन् । देश विकास र सामाजिक आर्थिक उन्नतिको लक्ष्य हासिल गर्न सक्षम हुने विकासको प्राशसनयन्त्र कसरी तयार गर्ने र त्यसलाई कसरी छरितो पार्ने भन्ने प्रयास भएको ।

सामान्य प्रशासन मन्त्रालयको जिआरपी (गभर्मेन्ट रिफर्म प्रोग्राम) चेञ्ज युनिट, २५ वर्षे गुरुयोजना आदिको व्यवस्था भएको । संघीय प्रणालीमा आधारित लोकतान्त्रिक शासन व्यवस्थालाई व्यवहारमा रूपान्तरण गर्दै जनविश्वास अभिवृद्धि गर्नु सुशासनको मूल मर्म हो । सार्वजनिक सेवा सुविधामा जनताको पहुँच सुनिश्चित गरी शुशासनको प्रत्याभूति गर्न आवश्यक कानुनको निर्माण गरी संस्थागत व्यवस्था, कार्यसंस्कृतिमा सुधार र सूचना प्रविधिको उपयोग हुँदै आएको छ । सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलाप नियन्त्रणका लागि कसुरजन्य सम्पत्तिको आर्जन तथा व्यवस्थापनमा संस्थागत निगरानी वृद्धि हुँदै गएको छ ।

सार्वजनिक खरिद व्यवस्थापन गर्ने क्रममा सार्वजनिक खरिद नियमावली २०६४ को ११औं र १२औं संशोधनअनुसार नमूना बोलपत्र कागजमा परिवर्तन गरिएको छ । सार्वजनिक खरिदमा संलग्न भई कानुनबमोजिम जिम्मेवारी बहन नगर्ने वा गैरकानुनी हानिनोक्सानी पुऱ्याउने १२२ प्राकृतिक तथा कानुनी व्यक्तिलाई कालोसूचीमा राखिएको छ ।

नेपालको संविधान २०७२ मा राज्यका नीतिअन्तर्गत सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने कुरा उल्लेख छ । सार्वजनिक प्रशासनमा सुशासन कायम गर्ने सम्बन्धमा विभिन्न प्रयास भइरहेका छन् । नेपालको संविधानले व्यवस्था गरेका प्रशासनिक पुनर्संरचनाका कार्यहरूलाई तदारुकताका साथ अगाडि बढाउन प्रशासकीय पुनर्संरचना आयोगको प्रतिवेदनमा भएका सिफारिसहरूको कार्यान्वयनका अतिरिक्त आवश्यक पर्ने कानुनहरूको तर्जुमा कार्य अगाडि बढाइएका छन् ।

सर्वसाधारण जनताको दैनिक काम पर्ने र प्रत्यक्ष जनसम्पर्क हुने केही विभागहरू र अन्तर्गतका कार्यालयहरूमा क्षतिपूर्तिसहितको नागरिक बडापत्र लागू गरिएको छ । सरकारी कार्यालयहरूमा सूचना प्रविधिको प्रयोगमा विस्तार गरिएको छ । निश्चित अवधिभित्र सबैका लागि तालिमको व्यवस्था मिलाउनका अतिरिक्त विभिन्न तालिम प्रदाय संस्थाहरूबाट प्रदान गरिने तालिमलाई समसामयिक र व्यावहारिक बनाउने प्रयास गरिएको छ ।

विकास प्रशासनको कार्यान्वयनमा देखिएका कमजोरीहरूमा प्रायः सबैजसो विकासोन्मुख देशहरूमा राजनीतिक अस्थिरता छ । स्वार्थी राजनीतिक नेतृत्वको बोलवाला छ । राजनीतिक नेतृत्वमा देश बनाउने दूरगामी दृष्टिकोणको सट्टा जसरी भए पनि सत्ता प्राप्त गर्ने र सत्ता प्राप्त भएपछि आजीवन सत्तामा रहनुपर्दछ भन्ने प्रवृत्तिले जरा गाडेको छ । विकासोन्मुख देशका राजनीतिक संस्थाहरू भ्रष्टाचारका पर्याय भएका छन् । जनतालाई राजनीतिक खिचातानीको गोटी बनाउने गरिन्छ । स्थायी सरकारको रूपमा कार्यरत कर्मचारीतन्त्रमाथि वा प्रशासनतन्त्रमाथि राजनीति गर्ने गरिन्छ ।

विकास प्रशासनको एउटा प्रमुख विशेषता प्रशासनिक प्रतिबद्धता हो तर विकासोन्मुख देशको प्रशासनमा तीव्र राजनीतिकरण, उच्च प्रशासकमा गैरप्रशासनिक व्यवहारको बाहुल्यता, प्रशासनिक भ्रष्टाचार यथास्थितिवादजस्ता विकृतिहरू विद्यमान रहनुले विकास प्रशासनको सञ्चालनमा गम्भीर चुनौती सिर्जना भएको छ । नेपालको विकास प्रशासन पनि यस विकृतिबाट मुक्त रहन सकेको छैन । उच्च प्रशासकहरू संगठनको उद्देश्यभन्दा व्यक्तिगत स्वार्थद्वारा अभिप्रेरित भई कार्य गर्नमा उद्धत रहेको पाइएको छ । विकास प्रशासन कुनै पनि देशको सर्वांगीण विकाससँग सम्बन्धित अवधारणा हो । जसले जनआकांक्षा, साधनको समुचित व्यवस्थापन, निरन्तर विकास प्रक्रियामा जोड दिने प्रयास गरेको छ तर व्यावहारिकरूपमा सीमित साधन र स्रोत, असीमित जनआकांक्षा, व्यापक गरिबी, वातावरणमा आएको ह्रास आदिको कारणले दिगो विकास हासिल गर्न कठिनाइ परेको छ । नीतिगतरूपमा यस्ता समस्याहरूको समाधान गर्न प्रयास भएको भएता पनि राजनीतिक अदूरदर्शिता र प्रशासनिक निस्क्रियताका कारण नेपालमा अपेक्षाकृत विकास हासिल हुन नसकेको हो ।

## श्रम सरोकार

# विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

### १) कसैको प्रलोभनमा नफसौं

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

### २) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

### ३) आफ्नो सुरक्षामा ध्यान दिऔं

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।

### ४) काममा लगनशील बनौं

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।

### ५) आवश्यक सम्पर्क नम्बर सुरक्षित राखौं

दूतावास, त्यहाँस्थित विभिन्न सामाजिक संस्था, नेपालस्थित रोजगार तथा सरकारी निकाय र आफू गएको वैदेशिक रोजगार संस्था तथा सहयोगी संस्थाका सम्पर्क टेलिफोन तथा ठेगाना सधैंभरि साथमा राख्नुपर्छ । स्थानीय कानुन तथा अन्य विषयमा जानकार व्यक्तिहरूसँग निकट रहनुपर्छ । यसो गर्दा आकस्मिकरूपमा आउने समस्याहरू समाधानमा सहजता हुने छ ।

## पाठक मञ्च

# बजार अनुगमनमा सरकारको बेवास्ता किन ?

तिहार नजिकिँदै छ । भाइटीका आउन अब दुई साता पनि बाँकी छैन । त्योसँगै बजारमा सामान किन्नेहरूको चहलपहल छ । भाइमसला, ओखर, नरिवललगायत तिहारलाई नभई नहुने सामानहरूले बजार भरिएको छ । के ती सामान यसै वर्ष आयात गरिएको हो ? होइन । ठूलठूला व्यापारीले पहिले नै सामान आयात गरेर राखेका हुन्छन् ।

ठूलठूला व्यापारीले सामान होलसेललाई बेच्छन् । त्यहीँ सामान होलसेलवालाले खुद्रा व्यापारीलाई बेच्ने हो । एकाध वर्षअघिदेखिको सामान बजारमा बिक्रीका लागि सामान राखिएको छ । वर्षौं अगाडि ल्याएर थन्क्याइएको सामान बोराबाट निकाल्ने अनि स-साना पोका बनाएर बेच्ने ।

त्यस्ता सामानहरू बजारमा छयाप्छयाप्ती भेटिन्छ । स-साना प्याकेटमा प्याक गरेर खान अयोग्य सामान बेच्न राखिएको छ । भाइ मसलामा भएका अधिकांश सामानहरू बिग्रिएका हुन्छन् । ओखरमा गुदी नै हुँदैन । अन्य ड्राइफ्रुट्स पनि सुकेको, कालो भइसकेको हुन्छ । पहिले सस्तोमा ल्याएको सामान व्यापारीहरूले महँगोमा बेचिरहेका छन् ।

कतिपय पसलमा वर्षौंदेखि बाँकी भएको भाइमसला पनि बेच्न राखिएको छ । तिहार लागेसँगै मिठाइ पसलहरूलाई पनि भ्याइनभ्याइ भएको छ । तिहारमा बेच्नका लागि पसलेहरूले धेरै अगाडिदेखि मिठाइ बनाउन थालेका छन् । बाहिर मिठाइ पसल छ भने भित्र उनीहरूको बनाउने स्थल ।

मिठाइ बनाउने ठाउँ अत्यधिक फोहोर, दुर्गन्धित र मिठाइ बनाउने व्यक्ति एकदमै फोहोरी हुन्छन् । मैलो गञ्जी लगाएर चुरोट खाँदै मिठाइ बनाएको अधिकांश मिठाइ पसलमा देखिन्छ । उहिलेदेखि बनाएर राखिएको मिठाइ उपभोक्ताले तिहारमा खरिद गर्छन् । न उनीहरूलाई मिठाइ कहिले बनेको भन्ने थाहा छ न कहाँ बनाएको ?

खुरुखुरु पैसा तिर्छन्, लैजान्छन् । जसले स्वास्थ्यमाथि हानि पुऱ्याउने जोखिम छ । मिठाइ पसलेले चाडबाडको मौका छोपेर पैसा पनि बढी लिन्छन् । तिहारमा मासुजन्य पदार्थको उत्तिकै उपभोग हुन्छ । तर, त्यतिबेलै ठगीधन्दा चल्छ ।

केमिकल नहालिकन उब्जाइएको फलफूल र तरकारी बजारमा भेटिँदैन । तिहारमा बिक्रीका लागि छिटोछिटो पकाउन र ठूलो बनाउन फलफूलमा केमिकल हालिन्छ । घरेलु मदिरा खानयोग्य छैन । रासायनिक मल, राँगाभैंसीको हड्डीलगायतका खान नहुने सामानहरू घरेलु मदिरामा प्रयोग गरिन्छ ।

यता, पसल वा सुपरमार्केटहरूमा बेच्न राखिएका रक्सीहरूमा राजस्व अनुसन्धान विभागले टाँसेको स्टिकर भेटिँदैन । व्यापारीहरूले चाडपर्वको मौका छोपेर उपभोक्ता ठगिरहेका छन् । तर, सरोकारवाला निकाय आँखामा पट्टी बाँधेर बसेका छन् । यता, उपभोक्ताले पनि आफ्नो हकअधिकारको प्रयोग गर्न जानेनन् ।

व्यापारीले आफूलाई ठग्यो कि ? कम तौलको सामान दियो कि ? खान अयोग्य सामान पो बेच्यो कि ? तोकिएको रेटभन्दा बढीमा सामान बेच्यो कि ? उपभोक्ताले सोच्दैनन् । सामान हालिदिनु भन्छन्, पैसा तिर्छन्, हिँड्छन् । उपभोक्ता नै यस्तो भएपछि व्यापारीको ठग्ने मनोबल बढ्नु स्वाभाविकै हो ।

सरकार भन्छ, सामान खरिद गरेपछि बिल लिऔं । तर, व्यापारी बिल दिँदैनन् भने उपभोक्ता पनि माग्दैनन् । बिल नभएपछि सामान बिग्रिएको भएता पनि उजुरी गर्न मिल्दैन । व्यापारीले उपभोक्ताले तिरेको पैसाको १० प्रतिशत राज्यलाई राजस्व तिर्नुपर्छ । उपभोक्ताले भ्याट बिल लिए भने राज्यले राजस्व पाउँछ ।

तर, अधिकांश व्यापारीले भ्याट बिल दिँदैनन् । जसका कारण राज्य राजस्वबाट वञ्चित भइरहेको छ । व्यापारीले एकातिर राज्य ठगिरहेका छन् भने अर्कोतिर जनता । फेरि यसमा राज्य र जनता नै मतियार हुन् । राज्य अनुगमन गर्दैन भने उपभोक्ता ठगिए पनि बोल्दैनन् । जनताहरू नेताले देश लुटे भनेर थाक्दैनन् ।

तर, आफू लुटिएको जनता देख्दैनन् । जनता शिक्षित भए तर उनीहरूमा चेतना नै आएन । व्यापारीहरू खुलेआम ठगिरहँदा उपभोक्ता चुपचाप हिँड्छन् । र, तीन तहकै सरकारले बजार अनुगमन गर्दैन । अनुगमनका लागि स्थानीय पालिका छ । संघ र प्रदेशअन्तर्गत विभिन्न निकाय छन् । तर, कुनै निकायले बजार अनुगमन गरेको पाइँदैन । सरकारले दसैंमा बजार अनुगमन गरेन । तिहारमा पनि पारा त्यस्तै छ । यहाँ त जुनसुकै सरकार बनेता पनि व्यापारीलाई छुनसमेत नसक्ने रहेछन् भन्ने देखिसकिएको छ । व्यापारीहरूलाई चाडबाड कमाउने मौका हो । वर्षभरको आम्दानी व्यापारीहरूले चाडपर्वमा गर्छन् ।

उपभोक्ता ठगिरहँदा सरकार के हेरेर बसेको छ ? राजस्व छल्ने र उपभोक्ता लुट्नेलाई सरकारले कारबाही गर्नुपर्छ कि पर्दैन ? यसमा सरकारको ध्यान जाओस् ।

**- अनुसा थापा**, भक्तपुर



**गोरुगाडामा धान** | कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-१२ कालागौंडीका स्थानीय किसान गोरुगाडामा खेतबाट काटेको धान बोकेर घर जानेक्रममा वनहरा नदी तर्दै । *तस्बिरः राजेन्द्रप्रसाद पनेरू/रासस*

# छठ पर्व नजिकिँदा बाँसका सामानको माग बढ्यो

**महोत्तरी–** तिहार र छठ पर्व नजिकिँदै गर्दा मधेसका महोत्तरीसहितका मिथिला क्षेत्रमा बाँसका चोया र कप्टेराले बुनिएका सामानको माग बढेको छ । पर्वमा चोखोनीतोसाथ पूजा सामग्री राखनधरन गरिन र विधिमै प्रयोग गर्न बाँसका चोया तथा कप्टेराले बनेका नयाँ छिटी, डाली, कनसुपा, नाङ्लो, चाल्नो, पंखालगायत सामान अपरिहार्य हुने मैथिल चलनले अहिले यहाँका सबैजसो हटिया (बजार)मा यी सामग्रीको बजार जमेको हो ।



महोत्तरीका १५ स्थानीय तहका बस्तीपिच्छेका हटियामा अहिले यी सामग्रीका छुट्टै बजार जमेका छन् । सदरमुकाम जलेश्वर, मटिहानी, बर्दिबास, गौशाला, रामगोपालपुर, पिपरा, सीतापुर, औरही, बलवा, लोहारपट्टीसहितका बजारमा अचेल सधैं यी सामान बिक्री भइरहेका छन् ।

मिथिलामा बिन र डोम जातिको बाँसको चोया तथा कप्टेरा काढेर छिटी, डाली, कनसुपा, नाङ्लो, चाल्नो र पंखा बनाउने पुर्ख्यौली पेसा मानिन्छ । पर्वविशेषले यस्ता सामग्रीको माग बढ्दा अहिले काम भ्याइनभ्याइ भएको भंगाहा-४ रामनगरका ५० वर्षीय काशी मुखिया बिन बताउँछन् ।

'अरु बेला यी सामान बिक्दैनन्, प्लास्टिकका सामान प्रयोग बढ्यो । दीपावली र छठमा बाँसकै भाँडा चाहिने चलनले माग बढेको हो,' काशी भन्छन्, 'बाबुबाजेले सिकाएका काम हुनाले मेरो पुस्तासम्मले गर्दै छौं, छोरा-भतिजाले भने यो काम सिक्न ध्यान दिएनन् ।' पहिलेपहिले दैनिक प्रयोजनमै यी सामान चलाइने हुँदा बाबुबाजेले यही पेसाबाट गुजारा गरे पनि अब भने यसको माग दीपावली र छठमामात्र हुने गरेको उनको भनाइ छ ।

पर्वविशेषको मागमात्र हुने भए पनि यसबेला यी सामान बनाएर बेचिएको पैसाले झण्डै तीन-चार महिनाको गुजारा चल्ने गरेको बिन र डोम समुदायका पाका व्यक्ति बताउँछन् । 'यसैबेला कमाएको नगदले आवश्यकता पूरा गर्छौं,' छिटीसहितका यी सामान बेच्न गौशालाबजार पुगेकी बर्दिबास-१ की पारो मरिक (डोम)ले भनिन्, 'यही पर्वको कमाइले केही महिनाको गुजारा र धियापुता (घरका ससाना नानीहरू)को खाने, खेल्ने रहर पूरा गर्छौं ।'

पर्वले गर्दा बाँस खोज्न जाने, फटाउने (चिर्ने), चोया र कप्टेरा बनाउने तथा मागअनुसारका सामान बनाउन भ्याइनभ्याइ छ । बनिसकेका सामान बजार पुऱ्याउनसम्मका काम सकेपछि बल्ल केही नगद हात पर्ने गरेको जलेश्वर-१ का रतन मरिकले बताए । सीप भएका बिन र डोम अहिले दिनरात नभनी काममा छन् । यो क्रम छठ पर्व सुरु हुने दिनसम्म चल्छ । *रासस*

# गुल्मीका ५१ प्रतिशत नागरिक स्वास्थ्य बिमाको पहुँचमा

**तम्घास (प्रस)–** सामाजिक सुरक्षाअन्तर्गत सरकारले ल्याएको स्वास्थ्य बिमा कार्यक्रमप्रति गुल्मीका नागरिकको आकर्षण बढ्दै गएको छ । स्वास्थ्य उपचारमा सहज पहुँच स्थापित गराउने उद्देश्यले स्वास्थ्य बिमा कार्यक्रमको सुरुआत गरिएको थियो ।

जिल्लाका ५१.६५ प्रतिशत नागरिकमा स्वास्थ्य बिमा पहुँचमा पुगेको छ । २०७८ सालको जनगणनाअसार जिल्लामा कूल दुई लाख ४६ हजार ८३६ जनसंख्या रहेकोमा एक लाख २७ हजार ३५५ जनाले स्वास्थ्य बिमा गराएका छन् । जसमा महिला ६५ हजार ६६६ र पुरुष ६१ हजार ६८९ जना रहेका छन् ।

सबैभन्दा बढी रेसुंगा नगरपालिकाका २४ हजार ५४१ जनाले स्वास्थ्य बिमा गराएका छन् । त्यसैगरी चन्द्रकोटका छ हजार ४००, छत्रकोटका १२ हजार २६३, धुर्कोटका १० हजार ३०५, गुल्मी दरबारका १० हजार २१०, इस्माका सात हजार ३५० नागरिकले स्वास्थ्य बिमा गराएका छन् ।

त्यसैगरी कालीगण्डकीका छ हजार ७०३, मदानेका तीन हजार ६७६, मालिकाका आठ हजार १९९, मुसीकोटका सात हजार ८४१, रुरुक्षेत्रका १४ हजार ८५ तथा सत्यवतीका १५ हजार ७८२ नागरिकले स्वास्थ्य बिमा गराएको स्वास्थ्य बिमा बोर्ड गुल्मीका प्रमुख सुवास घिमिरेले जानकारी दिए ।

जिल्लामा हालसम्म शुल्क लाग्ने साधारण समूहतर्फ २१ हजार ३३ परिवारका एक हजार ५२४ परिवार र ५० प्रतिशत छुटमा ८८३ महिला स्वास्थ्य स्वयंसेविकाका परिवारका चार हजार ६०२ जनाले स्वास्थ्य बिमा गराएका छन् । सरकारले ज्येष्ठ नागरिक, अपांग एवं विभिन्न रोग लागेकाहरूको परिवारलाई निःशुल्क स्वास्थ्य बिमा पनि गराइदिएको छ । जसमा १७ हजार ७१२ ज्येष्ठ नागरिक निःशुल्क बिमाको पहुँचमा आएका छन् ।

'क' वर्गका अपांगतातर्फ ७९३ परिवारका तीन हजार ९९९ जना, एचआइभी एड्स संक्रमित १६६ परिवारका ४८२ जना, कुष्ठरोगीका तीन परिवारका १२ जना तथा एमडिआर टिबीका छ परिवारका २५ जनाको पनि निःशुल्क स्वास्थ्य बिमा गराइएको स्वास्थ्य बिमा बोर्ड गुल्मीका प्रमुख घिमिरेले बताए । गुल्मीमा २०७६ साल माघ १९ गतेदेखि स्वास्थ्य बिमा कार्यक्रम सुरु गरिएको थियो । सरकारले तीन हजार ५०० रूपैयाँमा एक परिवारका पाँच सदस्यसम्मको बिमा गर्दछ । जसमा एक लाख रूपैयाँबराबरको औषधि-उपचार निःशुल्क प्राप्त गर्दछन् ।

त्यसैगरी परिवार संख्या पाँचभन्दा बढी भएमा प्रतिव्यक्ति ७०० रूपैयाँका दरले प्रथम बिमा शुल्कमा थपिँदै जाने र सो रकमले २० हजार रूपैयाँ उपचार खर्च प्राप्त हुने स्वास्थ्य बिमा बोर्डले जनाएको छ ।

# ताल सुक्न थालेपछि संरक्षणमा चुनौती

**ढोरपाटन (बागलुङ)–** बागलुङमा ताल सुक्दै गएपछि संरक्षणमा चुनौती बढेको छ । जिल्लाको ढोरपाटन नगरपालिका-९ स्थित रुद्रताल, तमानखोला-२ स्थित बराह ताल, जैमिनी नगरपालिका-३ गाजा दह (ताल), काठेखोला गाउँपालिका-४ को खोर ताल, बागलुङ नगरपालिका-१० स्थित बराह तालमा पानी सुक्दै गएपछि संरक्षणमा चुनौती बढेको हो ।



एक दशक अगाडिसम्म बागलुङका ग्रामीण क्षेत्रमा सडक पुगेका थिएनन् । पछिल्लो समय गाउँ-गाउँमा मोटरबाटो पुग्न थालेपछि तालमा पानी कम हुँदै गएको ढोरपाटन-९ का धनबहादुर पुनले बताए । गाउँ तथा नगरपालिकाले सडक विस्तार तथा ताल व्यवस्थापन गर्ने भन्दै डोजर चलाएपछि तालमा पानीको सतह घटेर सुक्न थालेका उनको भनाइ छ । नेपालको एकमात्रै सिकार आरक्ष ढोरपाटन जाने सडक छेउमा रहेको तालले पर्यटकलाई आकर्षित गर्दै आएको थियो । सात वर्ष अगाडि नगरपालिकाले ताल सौन्दर्यकरण गर्न डोजर लगाएपछि करिब ९० प्रतिशत पानी सुकेको पुनले जानकारी दिए ।

पुनले भने, 'पहिले रुद्रा ताल ठूलो थियो, धार्मिक आस्थाका हिसाबले यहाँ पूजाआजा गर्दा मनोकांक्षा पूरा हुन्छ भन्ने मान्यता थियो, यहाँको जलले स्नान गर्दा शरीरमा कुनै पनि रोग लाग्दैन भन्ने जनविश्वास थियो । अहिले पानी सुकेर हिलोमात्रै छ, जब यहाँ डोजर लगाएर सम्याउने काम भयो त्यसपछि तालको पानी सुक्यो, अहिले नामकोमात्रै ताल छ, तालमा पानी छैन ।'

जैमिनीको गाजा दहमा पनि डोजर लगाएपछि करिब ४० प्रतिशत पानी घटेको स्थानीय बताउँछन् । चार वर्ष अगाडि डोजर लगाएर तालको क्षेत्रफल विस्तार गरिएको थियो । काठेखोला गाउँपालिका-४ तंग्रामस्थित खोरताल छ वर्ष अगाडिसम्म पानीले भरिभराउ थियो । तालको बीचमा जमेको पानी बाह्रै महिना रहन्थ्यो । तर अहिले तालमा पानी होइन कमिला डुल्छन् ।

आर्थिक वर्ष २०७९/८० काठेखोला गाउँपालिकाले डोजर लगाएर कंक्रिटको पर्खाल लगाएपछि ताल सुकेको स्थानीय गंगाबहादुर किसानले जानकारी दिए । गाउँमा जथाभावी सडक निर्माण र तालमा डोजर लगाएपछि पानी रित्तिएको उनको भनाइ छ । तालमा एकाएक पानी सुक्न थालेपछि आफूहरू चिन्तित भएको उनले बताए ।

'तालमा पानी सुकेपछि चिन्ता बढ्नुका साथै स्थानीय अचम्मित भएका छौं । पाँच-छ वर्ष अगाडि पानीले भरिभराउ ताल अहिले पूरै रित्तै छ, यो ताल निकै ठूलो थियो, सफा पानी हुन्थ्यो । हामी सानो हुँदा यही पानी भरेर खान्थ्यौं, हावाले पात ल्याएर खसाले पनि चराले सफा गर्दथे,' उनले भने, 'तालमा डोजर लगाउनु गलत भयो, पानी रोक्नलाई गाउँपालिकाले सिमेन्टको पर्खाल लगायो, तर तालको पानी सबै सकियो ।'

तमानखोला गाउँपालिकाले पनि ताललाई व्यवस्थित गर्न ३० लाख रूपैयाँ लगानी गरेर संरक्षण थालेको थियो । अहिले संरक्षण गर्दा उल्टै ताल सुक्न थालेको छ । गाउँपालिकाले ताल संरक्षणका लागि तारबार लगाउनुका साथै त्यस वरपर थुप्रै पर्यटन पूर्वाधार निर्माण गरेको छ ।

गाउँपालिकाका अध्यक्ष जोकलाल बुढा मगरले पानीको स्रोत भएको ठाउँमा डोजर प्रयोग गर्दा मुहान सुक्न थालेको बताए । पालिकाले व्यवस्थित गर्न डोजर चलाउँदा विभिन्न ठाउँमा पानीको मुहान सुकेपछि अहिले त्यस्ता ठाउँमा उपकारण प्रयोग गर्न छोडिएको उनको भनाइ छ ।

बागलुङ नगरपालिका-१० स्थित भकुण्डेको बराह तालमा पनि पानी कम भएको छ । बागलुङ बजार नजिकै रहेको यो ताल पर्यटकका लागि आकर्षित गन्तव्य बनेको छ । अन्य तालको तुलनामा यो तालमा भने पानी अलि बढी देखिन्छ । यहाँ बिदाको समय आन्तरिक पर्यटक पुग्ने गरेका स्थानीय बताउँछन् ।

बागलुङ र पूर्वरुकुमको सिमानामा रहेको रिगतालमा पनि निसीखोला गाउँपालिकाले डोजर चलाएपछि २० प्रतिशत पानी घटेको स्थानीयको भनाइ छ । मध्यपहाडी लोकमार्गमा पर्ने पातीहाल्नेभन्दा केही माथिपट्टी पर्ने यो तालमा दैनिक आन्तरिक तथा बाह्य पर्यटक पुग्ने गर्छन् । पानीको मात्रा घट्दै गएपछि ताल संरक्षणमा चुनौती बढेको स्थानीय तथा सरोकार भएकाहरू बताउँछन् । रासस

# प्रदेश अस्पतालमा बिरामीलाई शयया अभाव

**पर्वत (प्रस)–** जाडो याम सुरु हुन थालेसँगै पछिल्ला केही दिनयता प्रदेश अस्पतालमा बिरामीको संख्या उल्लेख्य मात्रामा बढ्दै गएको छ । चाप बढ्दै गएपछि बिरामीलाई शयया अभाव भएको छ ।



बिरामीलाई अस्पतालको आकस्मिक कक्षमै र कतिपय अवस्थामा भुइँमा राखेर उपचार गर्नुपर्ने बाध्यता बढेको पर्वत अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डा. हेमन्त बाँस्तोलाले जानकारी दिए । उपचारका लागि आउने अधिकांश बिरामी भर्ना नै गर्नुपर्ने किसिमका रहेका उनको भनाइ छ । पछिल्ला केही दिनयता 'जनरल वार्ड'का शयया बिरामीले भरिएपछि भर्ना गरेर राख्नुपर्नेलाई समेत आकस्मिक उपचारका लागि छुट्याइएका शययामा भर्ना गरेर राखिएको छ । डा. बाँस्तोलाका अनुसार दैनिक ३५० जनाभन्दा बढी बिरामीको 'ओपिडी' र 'इमर्जेन्सी' कक्षमा उपचार गरिएको छ । एकै दिनमा ३९६ जनासम्मको उपचार गरिएको उनले बताए ।

१५ शययाको अनुमतिप्राप्त प्रदेश अस्पतालमा अहिले ६४ शयया सञ्चालन गरेर सेवा सञ्चालन भइरहेको छ । अस्पतालमा रहेको कम जनशक्तिलाई परिचालन गरेर बिहान ७:०० देखि साँझ ७:०० बजेसम्म नै बहिरंग सेवा प्रदान गरेर सेवा प्रवाह जारी छ । डा. बाँस्तोलाले भने, 'भर्ना गरेर राख्नेगरी ओपिडीमा रहेका २६ वटै शयया भरिएका छन् । गर्मी समय सकिएर चिसो सुरु भइसकेको छ, यो बेलामा बिरामीको संख्या हरेक वर्ष बढ्छ ।'

बहिरंग विभागका बिरामीले नै आकस्मिक उपचारका शयया भरिएपछि आकस्मिक उपचारका बिरामी आएको अवस्थामा बहिरंगका बिरामीलाई शयया अभाव भएको हो । त्यस्तो अवस्थामा आकस्मिक कक्षमा बसेर उपचार सेवा लिइरहेका बिरामीलाई भुइँमा नै राखेर भए पनि आकस्मिक अवस्थाका बिरामीलाई सेवा दिनुपर्ने बाध्यता भएको उनको भनाइ छ ।

सिजनल फ्लुका कारण एकै दिनमा १८ जनासम्म बालबालिकालाई भर्ना गरेर उपचार गरिएको डा. एनिस श्रेष्ठले बताए । उनीहरूमा मुख्यगरी ज्वरो, रुघाखोकी, बान्तालगायत समस्या देखिएको छ । यस्तै ज्येष्ठ नागरिकमा दम तथा श्वासप्रश्वासको समस्या छ । अस्पतालको आकस्मिक उपचारकक्षमा मात्र दैनिक करिब ४० जनाले सेवा लिइरहेका छन् । आकस्मिक कक्षमा आउनेहरूमा ज्वरो, दमसहितका श्वासप्रश्वास, झाडापखाला, बान्ता र केही सवारी दुर्घटनाका घाइते छन् ।


## Dharche Rural Municipality
### Office of Rural Municipal Executive
Machhikhola, Gorkha

**Invitation of Bid**

**Publication Date: - 2082-06-30 (2025-10-16 AD)**

1. Dharche Rural Municipality, Machhikhola, Gorkha invites electronic bids from eligible bidders for following Works under National Competitive Bidding. Some of the qualification criteria are mentioned below, through details are in the bidding document.

| S. N. | Contract No./ Bid No. | Description of work | Estimated Amount (Inclusive of VAT & Contingencies) (Nrs.) | Bidding Prodecure | Bid Security Amount (Nrs.) | Bid Price (Nrs) | Last date of Bid Submission and Time |
|---|---|---|---|---|---|---|---|
| 1. | DRM/NCB/ WORKS/02/ 082/83 | Construction of Hulchuk Community Health Unit Building | 73,62,974.22 | Single Envelope | 190000 | 3000 | 2025-11-16 12:00 Hours |

Pre-bid Meeting : 2025-11-06 (11:00 hours)

Bidder Shall submit their bid electronically and download the bidding document from e-submission from Bolpatra.gov.np/egp

***Chief Administrative Officer***



## Government Pachrauta
## Municipality, Bara

**Invitations for Bids**

**IFB No: -NCB/PMUN/W/11/2082-083**

**Date of Publication: 2082-06-30 BS**

1. Pachrauta municipality benauli bara invites electronic bids only from eligible bidders for following works under NCB bidding procedure. Only eligible bidders with the following key qualifications should participate in the bidding for the contracts mentioned below.

| S. N. | Project Name | Bid Doc. Fee (NRs) | Estimated Amount (Exclusive of VAT and Contingencies) | Bid Security Amount (NRs) |
|---|---|---|---|---|
| 1 | Wada No.06 bhari sadak dhalan tatha nala nirman NCB/PMUN/W/11/2082-083 | 3000.00 | 17244666.03 | 435000.00 |

à Last date of Bid Submission: Nov 16, 2025, Time: 12:00

à Bid Opening Nov 16, 2025, Time: 13:00 at office premise.

2. Revenue Account Details:

| Office Name | Bank Name | Bank Address | Account Number | Office code/ Revenue Heading No. |
|---|---|---|---|---|
| Pachrauta Municipality. Bara | NMB Bank Ltd. | Pachrauta Municipality, Bara | 140083164100010 (Rajaswa) | Office code: 80221403300 Revenue Heading no: 14229 |

3. Bidders are strongly Requested to mention the name of the Firm and the Contract ID in Revenue Voucher for Bid Document Fee. Single Revenue Voucher for a single Bid Document shall be submitted. In Case the bidder chooses to deposit Revenue for more than one bid through a single voucher then the bidders are strongly suggested to mention each Contract ID in Revenue Voucher for which the revenue has been paid. The Non compliance of this may result for declaring the Bid NON-RESPONSIVE.
4. Any additional information or query regarding the bids can be acquired by downloading the bids from the e-GP system of PPMO or by writing us in pachrautanam@gmail.com

# प्रभाव दैनिक

**रूपशाला**

बिहीबार, ३० असोज २०८२ (Thursday, 16 October 2025)


## अमेरिका उडे दुर्गेश

गायक तथा स्टेज पर्फमर दुर्गेश थापा साङ्गीतिक प्रस्तुतिका लागि मंगलबार अमेरिका उडेका छन् । अमेरिकाका विभिन्न ११ सहरको कार्यक्रममा भाग लिन मंगलबार साँझ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अमेरिका उडेका हुन् । दुर्गेशको पहिलो कार्यक्रम आगामी शुक्रबार (१७ अक्टोबर) अस्टिन टेक्सासबाट सुरु भएर नोभम्बर २२मा डल्लास टेक्सासमा पुगेर सकिनेछ । त्यो बिचमा उनले न्युओर्क, बाल्टिमोड, कोलम्बस, कोलोराडो लगायतका ठाउँमा ११ स्टेजमा प्रस्तुति दिने आयोजकले जानकारी दिएको छ ।



# भैरव अर्यालको नाममा स्थापित तीन पुरस्कार तीन स्रष्टालाई



■ प्रभाव संवाददाता

**काठमाडौं–** भैरव अर्यालको स्मृतिमा स्थापित भैरव पुरस्कार तीन जना स्रष्टालाई प्रदान गरिएको छ । भैरव पुरस्कार गुठीले बुधबार यहाँ एक कार्यक्रम आयोजना गरी २०८२ सालको भैरव पुरस्कार कृष्ण प्रधान, हरिप्रसाद शर्मा वाङ्मय तथा विवश पोखरेललाई प्रदान गरेको हो ।

गुठीका अनुसार भैरव पुरस्कार भारत-सिलगुढी निवासी वरिष्ठ हास्यव्यंग्यकार कृष्ण प्रधानलाई प्रदान गरिएको हो । यो पुरस्कारको राशि रु एक लाख ११ हजार १११ रहेको छ । भैरव पुरस्कार पहिलो पटक नेपाल बाहिरका स्रस्टालाई समर्पण गरिएको गुठीले जनाएको छ ।

त्यस्तै, रु एक लाख एक हजार १११ राशिको भैरव वाङ्मय पुरस्कार वरिष्ठ चित्र कलाकार हरिप्रसाद शर्मालाई प्रदान गरिएको छ । साथै रु ५१ हजार १११ राशिको भैरव प्रतिभा पुरस्कार विराटनगर मोरङका विवश पोखरेललाई प्रदान गरिएको छ ।

गुठीका अध्यक्ष रोचक घिमिरे, त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा डा दीपक अर्याल, गोकर्णेश्वर नगरपालिकाका प्रमुख दीपक रिसाललगायतले पुरस्कार प्रदान गरेका हुन् ।

कार्यक्रममा पुरस्कृत स्रस्टाबारेमा जानकारी गराउँदै साहित्यकार नरनाथ लुइँटेल, केके कर्माचार्य, प्रमोद प्रधानलगायतले नेपाली साहित्यमा भैरव अर्यालको योगदानबारे चर्चा गरे । साथै साहित्यकार खगेन्द्र संग्रौला, गोविन्द घिमिरे 'वेदमणि'ले भैरव अर्याल नेपाली व्यंग्य साहित्यका अद्वितीय प्रतिभा भएको बताए । पुरस्कृत स्रस्टाले भैरव अर्यालको नामको पुरस्कार प्राप्त गर्नु आफूहरूका लागि निकै गर्वको विषय भएको बताए ।

गुठीले पुरस्कार प्राप्तकर्ताको नाम छनोट गर्न साहित्यकार वसन्त रिजालको संयोजकत्वमा साहित्यकारद्वय नरेन्द्रराज पौडेल र प्रह्लाद पोखरेल सदस्य रहेको चयन समिति गठन गरेको थियो । गुठीको आजै सम्पन्न साधारणसभाले वरिष्ठ साहित्यकार रोचक घिमिरेको अध्यक्षतामा नयाँ कार्यसमितिसमेत चयन गरेको छ ।

# 'एक्लो'को गीत 'एक्लै बाँच्नु कुरू कुरू' सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैज्ञानिक कल्पनामा आधारित चलचित्र 'एक्लो'को गीत 'एक्लै बाच्नु कुरु कुरु' सार्वजनिक गरिएको छ । सार्वजनिक गीतमा अभिनेत्री कविता नेपाली फिचर्ड छिन् । गीतमा अभिनेत्रीको नृत्य र पहिरन आकर्षक छ ।

चलचित्रको कथा अनुसार तयार गरिएको बताइएको गीतमा गायिका शान्तीश्री परियारको स्वर, स्वप्निल शर्माको शब्द र रोहित शाक्यको सङ्गीत छ । गीतले फिल्मको चर्चा बढाउने निर्माण युनिटको विश्वास छ ।

'एक्लो' विश्वविख्यात कान्स फिल्म फेस्टिभलमा स्टलमार्फत आफ्नो अन्तर्राष्ट्रिय उपस्थितिको जनाएको चलचित्र हो । चलचित्रका निर्देशक प्रदीप शाही हुन् । शाहीले यसअघि दुई फिल्म निर्देशन गरिसकेका छन् ।

बेलायतमा लामो समयदेखि बसोबास गर्दै आएका शाहीले 'एक्लो'लाई हलिउडस्तरको प्रविधि र प्रस्तुतिसहित निर्माण गरेका छन् । फिल्म अंग्रेजी नयाँ वर्ष जनवरी १ (पुस १७ गते)बाट प्रदर्शनमा आउनेछ ।



चलचित्रमा प्रदीप खड्का, विजय लामा, सुनील थापा, दिया पुन, बेनिशा हमाल, दिनेश डीसी, कविता नेपाली, सुरजसिंह ठकुरी, एवं राज उप्रेती, त्रिचु राई, कृष्णभक्त महर्जन, विकास अधिकारी, दिग्गज खत्री, विनोद सुवेदी 'क्षितिज', श्रीशेष श्रेष्ठ र बालकलाकार जेमिन श्रेष्ठ र स्योन सविक सिंह तथा बेलायती अभिनेता जेमी बेकनको पनि अभिनय छ । एनआरएन समूहको लगानी रहेको चलचित्रका कार्यकारी निर्माता विनोद सुवेदी 'क्षितिज' हुन् । फिल्ममा अभिनेता प्रदीप खड्काले पनि लगानी गरेका छन् । चलचित्रको छायांकन बाबु श्रेष्ठ, द्वन्द्व निर्देशनमा राजु तामाङ रहेका छन् ।


EMIS CODE-720040002, SEE CODE-067, NEB CODE- 7252

**श्री बैजनाथ माध्यमिक विद्यालय, जडेपानी**

**प्राविधिक तथा व्यवसायीक शिक्षा सञ्चालन गर्न अनुमति प्राप्त**

**बेदकोट न.पा.२, कञ्चनपुर**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

*(प्रकाशित मिति: २०८२/०६/३० गते)*

प्रस्तुत विषय सम्बन्धमा यस विद्यालयको मिति २०८२/०५/१८ गते प्रकाशित देहायको संरचना निर्माण गर्ने कार्यको बोलपत्र सूचनाअनुसार तपसिल बमोजिमको निर्माण व्यवसायीले पेश गरेको बोलपत्र न्यूनतम रूपमा मूल्याङ्कित तथा सारभूत रूपमा प्रभावग्राही भई विद्यालयको बोलपत्र मूल्याङ्कन समितिको मिति २०८२/०६/२८ गतेको बैठकको निर्णयबाट स्विकृतिका लागि छनौट भई सिफारिस भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ (१) को प्रयोजनका लागि सम्बन्धित सबैका जानकारीका लागि ७ दिने सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | योजनाको नाम (ठेक्का न.) | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र पी.एस. बाहेक) | कैफियत |
|---|---|---|---|---|
| 1. | Addition of first floor of 3S-12CR building of Baijhnath Ma. Vi. Jadepani (Thekka No. 01/BSS/LDG/2082/083) | New Bashuling Nirman Sewa , Bheemdatt-18, Kanchanpur | NRS. 62,04,526.86 | |

**प्रधानाध्यापक**


# रंगशाला

**आइसिसी टी-२० विश्वकप एसिया एन्ड इस्ट एसिया प्यासिफक छनोट**

# विश्वकप छनोटसँगै उत्साहित नेपाल सामोआसँग भिड्दै




■ प्रभाव संवाददाता

**काठमाडौं–** दुई खेल अगाडि नै विश्वकपका लागि छनोट भएको नेपालले आज (बिहीबार) सामोआसँग खेल्दै छ । ओमानमा जारी आईसीसी टी-२० विश्वकप एसिया तथा इस्ट एसिया पेसिफिक छनोटको सुपर सिक्सअन्तर्गत अन्तिम खेलमा नेपालले सामोआसँग खेल्ने भएको हो ।

समूह २ को विजेताको रूपमा सुपर सिक्समा प्रवेश गरेको नेपालले यसअघि बलिया दुई प्रतिस्पर्धीलाई पराजित गरेको थियो । त्यसपछि बुधबार युएई र सामोआबीचको खेल युएईले जितेपछि दुई खेल अगाडि नै विश्वकपमा प्रवेश गरेको नेपालले बुधबार ओमानलाई ३८ रनले हराएको थियो ।

नेपाल र सामोआबीचको खेल नेपाली समयअनुसार सवा ४ बजे सुरु हुने छ ।


**Government Pachrauta Municipality, Bara**

**Invitations for Bids**

**IFB No: -NCB/PMUN/W/12/2082-083**

**Date of Publication: 2082-06-30 BS**

1. Pachrauta municipality benauli bara invites electronic bids only from eligible bidders for following works under NCB bidding procedure. Only eligible bidders with the following key qualifications should participate in the bidding for the contracts mentioned below.

| S. N. | Project Name | Bid Doc. Fee (NRs) | Estimated Amount (Exclusive of VAT and Contingencies) | Bid Security Amount (NRs) |
|---|---|---|---|---|
| 1 | Wada No.08 bhari aawaskta anusar sadak dhalan tatha nala nirman NCB/PMUN/W/11/2082-083 | 3000.00 | 17244666.03 | 435000.00 |

- Last date of Bid Submission: Nov 16, 2025, Time: 12:00
- Bid Opening Nov 16, 2025, Time: 13:00 at office premise.

2. Revenue Account Details:

| Office Name | Bank Name | Bank Address | Account Number | Office code/ Revenue Heading No. |
|---|---|---|---|---|
| Pachrauta Municipality. Bara | NMB Bank Ltd. | Pachrauta Municipality, Bara | 140083164100010 (Rajaswa) | Office code: 80221403300 Revenue Heading no: 14229 |

3. Bidders are strongly Requested to mention the name of the Firm and the Contract ID in Revenue Voucher for Bid Document Fee. Single Revenue Voucher for a single Bid Document shall be submitted. In Case the bidder chooses to deposit Revenue for more than one bid through a single voucher then the bidders are strongly suggested to mention each Contract ID in Revenue Voucher for which the revenue has been paid. The Non compliance of this may result for declaring the Bid NON-RESPONSIVE.
4. Any additional information or query regarding the bids can be acquired by downloading the bids from the e-GP system of PPMO or by writing us in pachrautanam@gmail.com


**एएफसी महिला यू-१७ एसियन कप**

# तुर्केमेनिस्तानसँग रोकियो नेपाल

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालको एएफसी महिला यु-१७ एसियन कपमा पुग्ने सम्भावना कमजोर बनेको छ ।

पहिलो खेलको पहिलो हाफमा नेपालले तुर्केमेनिस्तानसँग गोलरहित बराबरी खेलेको छ ।

थाइल्यान्डको चोनबुरी स्टेडियममा बुधबार सम्पन्न समूह 'एफ' को पहिलो खेलमा तुर्केमेनिस्तानसँग गोलरहित बराबरी खेलेको हो । योसँगै दुवै टोलीले एक अंक जोडेका छन् ।

घरेलु टोली थाइल्यान्डको भने एक खेलबाट तीन अंक छ । समूह चरणको अन्तिम खेलमा नेपालले शुक्रबार थाइल्यान्डलाई चुनौती प्रस्तुत गर्नेछ ।

पहिलो खेलमा तुर्केमेनिस्तानलाई १७-० ले पराजित गरिसकेको कारण अन्तिम खेलमा नेपालसँग बराबरी भए वा १७ गोलभन्दा कमले पराजित भए पनि थाइल्यान्ड एसियन कपमा पुग्नेछ ।

संयुक्त राष्ट्रसंघको चेतावनी

# ‘अपरिहार्य’ शान्ति मिसन बजेट अभावले संकटमा

**नयाँदिल्ली–** संयुक्त राष्ट्रसंघका शान्तिरक्षा प्रमुख जीन-पियरे ल्याक्रोइक्सले मंगलबार बजेट कटौतीका कारण विश्वभरका शान्तिरक्षकहरूले निर्वाह गर्दै आएको ‘अपरिहार्य’ भूमिकामा गम्भीर चुनौती उत्पन्न भएको चेतावनी दिएका छन् । उनले यसको प्रत्यक्ष असर सेनाको संख्यामा कमीका रूपमा देखिँदै गरेको बताए ।

ल्याक्रोइक्सले नयाँदिल्लीमा आयोजित ३२ वटा संयुक्त राष्ट्र सेना-योगदान गर्ने मुलुकका प्रतिनिधिहरूको बैठकमा भने, ‘हामीसँग यी कटौतीहरू लागू गर्नेबाहेक विकल्प छैन । केही सदस्य राष्ट्रले आंशिक भुक्तानी नगरेकाले यस्तो स्थिति आएको हो ।’

उनले अन्तर्राष्ट्रिय समुदाय अहिले विभाजित रहेको र फलस्वरूप विश्वका संकटहरूको सामूहिक प्रतिक्रिया दिने मनस्थिति कमजोर बन्दै गएको बताए । संयुक्त राष्ट्रसंघका अधिकारीहरूले यसै महिनाको सुरुमा शान्तिरक्षा बजेटमा १६-१७ प्रतिशतको कमी आएको जानकारी दिएका थिए । यो मुख्य रूपमा अमेरिकाको सहायता कटौतीसँग जोडिएको हो । यसका कारण हाल सञ्चालनमा रहेका ११ वटा शान्ति मिसनमध्ये नौ वटा मिसनमा २५ प्रतिशत सेनाको कटौती हुने भएको छ ।

सन् २०२५-२०२६ को शान्ति अभियानका लागि पाँच अर्ब ४० करोड डलरको बजेटमा अमेरिकाले करिब एक अर्ब ३० करोड डलर सहयोग गर्ने अपेक्षा गरिएको थियो, तर हाल उसले उक्त रकमको करिब आधा अर्थात् ६८ करोड २० लाख डलर मात्रै प्रदान गर्ने जनाएको छ । यसमा हाइटीमा सञ्चालनमा ल्याइएको नयाँ अन्तर्राष्ट्रिय गिरोहविरोधी मिसनका लागि छुट्टै आठ करोड ५० लाख डलर पनि समावेश गरिएको छ । यो मूल बजेटमा थिएन ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले लामो समयदेखि अन्तर्राष्ट्रिय संस्थाहरूले अमेरिकाको फाइदा उठाएको भन्दै विदेशी सहायता कटौतीको नीति अघि सारेका छन् ।

‘हामीलाई थाहा छ, सयौं हजार नागरिकका लागि शान्तिरक्षकहरूले जीवन र मृत्युको बीचमा अन्तर ल्याएका छन् । उनीहरूले युद्धविरामको निगरानी गर्छन्, राष्ट्रिय क्षमताहरू निर्माणमा सहयोग पुर्‍याउँछन् र शान्ति स्थापनामा निर्णायक भूमिका खेल्छन् । उनीहरूको भूमिका साँच्चै अपरिहार्य छ,’ ल्याक्रोइक्सले शान्तिरक्षा अभियानले दशकौंदेखि अनेक देशहरूमा स्थायित्व कायम गर्न ठूलो योगदान पुर्‍याएको बताउँदै भने, ‘बजेट कटौती भइरहेका बेला विश्वको समग्र सुरक्षा परिदृश्य झन् बिग्रिँदै गएको छ । हामी जलवायु परिवर्तनको प्रभाव, विश्वव्यापी आतंकवाद र डिजिटल प्रविधिका नकारात्मक पक्षजस्ता नयाँ खालका चुनौतीहरूको सामना गरिरहेका छौं ।’

बैठकको आयोजना भारतले गरेको हो । भारत संयुक्त राष्ट्रसंघको शान्तिरक्षण मिसनमा सबैभन्दा ठूलो योगदानकर्तामध्ये एक हो । भारतका सेना प्रमुख जनरल उपेन्द्र द्विवेदीले पनि कोषको अभावले शान्तिरक्षा मिसनहरूलाई पुनः परिभाषित गर्नुपर्ने बताउँदै भने, ‘संयुक्त राष्ट्रसंघका मिसनहरूका लागि सीमित बजेट अब एक स्थायी वास्तविकता बन्ने छ । त्यसैले भविष्यका मिसनहरूमा भूमिमा कम बुटहरू र प्रविधि तथा नवीनतामा बढी निर्भरता रहने छ ।’ *रासस/एएफपी*

## भन्सार शुल्कको असर न्यूनीकरण गर्न मेक्सिको सरकार सक्रिय

**मेक्सिको सिटी–** संयुक्त राज्य अमेरिकाले नयाँ भन्सार शुल्क नीति लागू गरिरहेको सन्दर्भमा, मेक्सिको सरकारले देशको निर्यात व्यवसायमा नकारात्मक असर नपरोस् भन्ने उद्देश्यले सबैभन्दा अनुकूल व्यापार सर्तहरू सुनिश्चित गर्न पहल थालेको छ ।

मंगलबार आयोजित व्यापार समन्वय परिषद्को बैठकमा मेक्सिकोका अर्थमन्त्री मार्सेलो एब्रार्डले सो जानकारी दिए । उनले बताएअनुसार सन् २०२६ मा हुने संयुक्त राज्य-मेक्सिको-क्यानाडा सम्झौताको पुनरावलोकनअघि नै दुई देशबीच रहेका व्यापारिक मतभेदहरू समाधान गर्न वार्ता अघि बढाइएको छ ।मन्त्री एब्रार्डले विशेषगरी अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा घोषणा गरिएका नयाँ भन्सार शुल्कहरूको असर कम गर्न मेक्सिकोले केही छुट योजना (रियायत) ल्याउने तयारी गरिरहेको जानकारी दिए, जसले मेक्सिकन निर्यातलाई प्रतिस्पर्धात्मक बनाउने अपेक्षा गरिएको छ ।

‘हाम्रो मुख्य उद्देश्य भनेको मेक्सिकोका व्यापार सर्तहरू अन्य देशहरूको तुलनामा अझ राम्रो बनाउनु हो,’ उनले भने । उनले थप जानकारी दिँदै भने, ‘अमेरिकासँगको वार्ता सकारात्मकरूपमा अगाडि बढिरहेको छ र दुवै पक्षले पछिल्ला नीतिका कारण उत्पन्न खर्च तथा सम्भावित विवादको पहिचान गरिसकेका छन् ।’ आगामी नोभेम्बरसम्ममा अधिकतम समस्या समाधान गर्ने लक्ष्य राखिएको पनि उनले स्पष्ट पारे । *रासस/सिन्ह्वा*

## इटालीमा प्रत्येक १० जनामध्ये एक जना ‘पूर्णगरिबीमा’

**मिलान, इटाली–** इटालीमा सन् २०२४ मा करिब १० जनामध्ये एक जना पूर्णगरिबीको अवस्थामा रहेको एक अध्ययनले देखाएको छ ।

मंगलबार सार्वजनिक गरिएको इटालीको राष्ट्रिय तथ्यांक संस्था (इस्तात) को प्रतिवेदन अनुसार, देशभर ५७ लाख मानिसहरू (झण्डै २२ लाख घरपरिवार) पूर्णगरिबीमा बाँचिरहेका छन्, जसले कूल जनसंख्याको ९.८ प्रतिशत प्रतिनिधित्व गर्छ ।

‘पूर्णगरिबी’ भन्नाले मानिसहरूले दैनिक जीवनयापनका लागि आवश्यक आधारभूत वस्तु तथा सेवा खरिद गर्न नसक्ने अवस्थालाई जनाइएको छ । उदाहरणका लागि रोम सहरमा एक युवा जोडी र एक सन्तान भएको परिवारका लागि सन् २०२३ मा पूर्णगरिबीको सीमा एक हजार ५६८ युरो प्रतिमहिना (झण्डै एक हजार ८०० अमेरिकी डलर) तोकिएको थियो ।

अघिल्ला दुई वर्षमा यो अनुपात स्थिर भए पनि पछिल्ला १० वर्षमा भने गरिबी उल्लेख्यरूपमा बढेको अध्ययनले जनाएको छ । युरोपस्तरीय मापदण्डअनुसार सन् २०२४ मा करिब एक करोड ३६ लाख इटालियनहरू (जनसंख्याको २३ प्रतिशत) गरिबी वा सामाजिक बहिष्करणको जोखिममा परेका थिए ।

यो दर युरोपेली संघको औसत २१ प्रतिशतभन्दा उच्च हो । इटाली केही पश्चिम युरोपेली मुलुकहरूभन्दा कमजोर अवस्थामा देखिए पनि, ग्रीसजस्ता राष्ट्रहरूको तुलनामा राम्रो अवस्थामा छ, जहाँ गरिबीको जोखिम २७ प्रतिशत पुगेको छ ।

यो अध्ययनअनुसार विदेशी नागरिकहरू (प्रवासीहरू) गरिबीबाट अझ बढी प्रभावित छन् । पूर्णरूपमा विदेशीहरूबाट बनेका घरपरिवारमध्ये ३५ प्रतिशत गरिबीको रेखामुनि रहेका छन्, जबकि केवल इटालियन नागरिकहरू भएका घरपरिवारमा यो संख्या छ प्रतिशत मात्र रहेको छ । *रासस/एएफपी*


**साउदीमा रोजगार** कम्पनी : AL JAZEERA CONTRACTING SERVICE COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०८/२१ पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०८/२१ LT. No. 314972 चलानी नं. ६०२२९४३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loader & Unloader | 2 | 0 | 1000 | ३७,६८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक ६ देखि १० गतेसम्म (23-27th Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD. श्रम ईजाजत नं. ५७४/०६२/०६३

Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492

E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com


## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२ साल असोज महिना ३० गते बिहीबार)

यस विकास बैंकको शाखा कार्यालय कुश्माबाट तपशिलमा उल्लेखित ऋणीले आवास कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

| ऋणीको विवरण |
|---|
| टारे दामाईको छोरी टँके दर्जीको बुहारी कृष्ण बहादुर दर्जीको पत्नी पर्वत जिल्ला चुवा वडा नं. ६ हाल, कुश्मा न.पा. वडा नं. ८ बस्ने **हरी दर्जी** (ना.प्र.नं. : ५६५२९ जारी मिति र जिल्ला : २०६३/०८/२०, पर्वत) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) चइते दर्जिको नाति टँके दर्जिको छोरा पर्वत जिल्ला चुवा वडा नं. ६ हाल, कुश्मा न.पा. वडा नं. ८ बस्ने **कृष्ण बहादुर दर्जि** (ना.प्र.नं. : ३०८८८ जारी मिति र जिल्ला : २०५७/१०/२२, पर्वत) |
| २) साना कान्छा परियारको नाति आइते नेपालीको छोरा पर्वत जिल्ला चुवा वडा नं. ६ हाल, कुश्मा न.पा. वडा नं. ८ बस्ने **गणेश बहादुर परियार** (ना.प्र.नं. : ५१५३०१/१९ जारी मिति र जिल्ला : २०६३/१०/०३, पर्वत) |
| ३) टोटे दामाईको छोरी टँके दर्जीको बुहारी दुर्गाबहादुर दर्जीको पत्नी पर्वत जिल्ला चुवा वडा नं. ६ हाल, कुश्मा न.पा. वडा नं. ८ बस्ने **रिता परियार** (ना.प्र.नं. : ५११०११/२७६ जारी मिति र जिल्ला : २०६७/०२/०३, पर्वत) |

“नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक”

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

## बर्जु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**अमाहिवेल्हा, सुनसरी**

**कोशी प्रदेश, नेपाल**

### ठेक्का सम्झौता रद्द गर्ने सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति: २०८२/०६/३०)**

बर्जु गाउँपालिका भित्र निर्माण कार्य गर्न ठेक्का सम्झौता गरेको तपसिलमा उल्लेखित निर्माण व्यवसायीलाई पटक पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत तोकिएको अवधिभित्र कार्य पूरा नगरेको र कार्य प्रगति सन्तोषजनक नदेखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा ७ बमोजिम ठेक्का सम्झौता रद्द गर्नु नपर्ने मनासिव कारण तथा सोही ऐन को दफा ६३ को उपदाफा १ (ग) बमोजिम निर्माण कम्पनीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्नु नपर्ने मनासिव कारण भएमा १५ दिनभित्र निर्माण व्यवसायी स्वयं उपस्थित भई स्पष्टीकरण पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.स. | निर्माण व्यवसायीको नामर ठेक्का नं. | आयोजनाको नाम |
|---|---|---|
| १ | निर्माण व्यवसायीः ए.एस कन्स्ट्रक्सन, विराटनगर-१३, मोरङ ठेक्का सम्झौता नं. २०/२०७५/०७६ | अधुरो वडा कार्यालय भवन, बर्जु-४ |

**प्रमुख प्रशासकीय अधिकृत**

# Barju Rural Municipality
## Office Of Rural Municipality Executive
## Amahibelha, Sunsari

### Invitation For Electronic Bids

**Date of publication: 16th Oct. 2025**

1. Barju Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the Procurement of
A. CONSTRUCTION WORK OF WARD-02 OFFICE BUILDING,BARJU ,
B. CONSTRUCTION OF BLACK TOPPED AND RCC ROAD OF BARJU GA. PA. WADA -4 SAHEBGUNJ BUDHI KHOLA DEKHI BARJU- 3 BIRATNAGAR SAMMA JODNE BATO.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Of Barju Rural Municipality, Amahibelha, Sunsari. or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids till 17 Nov 2025 ,12 PM . Information to deposit the cost of bidding document in Bank:

**Name of the Bank:** NIC Asia Bank Limited. Barju Branch
**Name of Office:** Barju Rural Municipality
**Office Code No.** : 801011410
**Office Account No.**: 2432050027873004
**Rajaswa (revenue) Shirshak No.** : AANTRIKRAJASWA KHATA-BARJU GAUPALIKA

4. Pre-bid meeting shall be held on 06-11-2025, 12:00 at Barju Rural Municipality Office
5. Bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM, 17-11-2025 at the office of Barju Rural Municipality Amahibelha, Sunsari. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format which shall be valid for 30 days beyond the validity period of the bid. Or cash deposit the bid security amount.

**Name Of the bank** : NIC Asia Bank Limited.
**Name of Office**: Barju Rural Municipality
**Office Code No.** : 801011410
**Office Account No.**: 243CA50017628005
**Account Name** : DHARAUTI KHATA-BARJU GAUNPALIKA

7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the Bid without assigning any reason, whatsoever.

| S. N. | Name of Project | Contract Id. No. | Average Annual Turnover Nrs | BidSecurity Amount NRs. | Bid Document Amount(NRs.) |
|---|---|---|---|---|---|
| 1. | Construction Of Black Topped And Rcc Road Of Barju Ga. Pa. Wada 4 Sahebgunj Budhi Khola Dekhibarju 3 Biratnagar Samma Jodne Bato. | Brm/Sunsari/Ncb/Works/1/2082/83 | 8,34,00,000.00 | 8,20,000.00 | 5,000.00 |
| **S.n.** | **Name Of Project** | **Contract Id. No.** | **Total Estimate Amount Nrs Excluding Vat And Contingencies** | **Bidsecurity Amount Nrs.** | **Bid Document Amount(Nrs.)** |
| 1. | Construction Work Of Ward-02 Office Building,Barju | Brm/Sunsari/Ncb/Works/3/2082/83 | 9782410.96 | 2,90,000.00 | 3,000.00 |

**Chief Administrative Officer**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - २४८९०० | प्रति तोला - ० | प्रति तोला - ३२४० |



**मखमली माला** | तिहारका लागि भक्तपुरको सूर्यविनायक नगरपालिका-७ गुण्डुमा मखमली फूल टिपिँदै ।

*तस्बिरः रमेश गिरी/रासस*

# सेयर निष्काशनमा ढिलाइ तत्काल हटाउन आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** स्वतन्त्र ऊर्जा उत्पादकको संस्था नेपाल (इप्पान)ले धितोपत्र बोर्डद्वारा जलविद्युत् कम्पनीको आइपिओ र हकप्रद सेयर निष्काशनमा भएको ढिलाइले निजी क्षेत्रका लगानीकर्ता निरुत्साहित भएको उल्लेख गर्दै तत्काल समस्या समाधान गर्न सरकारसँग आग्रह गरेको छ ।

राजधानीमा आयोजित पत्रकार सम्मेलनमा इप्पानले विगत २८ महिनादेखि धितोपत्र बोर्डले जलविद्युत् कम्पनीका सेयर निष्काशनमा गरेको ढिलाइले ऊर्जा क्षेत्रको विकासमा गम्भीर असर परेको दाबीसमेत गरेको छ ।

इप्पानका अध्यक्ष गणेश कार्कीले हालसम्म ९७५ मेगावाट बराबरका कूल ४३ कम्पनीको आइपिओ र सात वटा कम्पनीको हकप्रद सेयर निष्काशन गरी कूल रु २३ अर्ब २७ करोड आठ लाख बराबरको धितोपत्र निष्काशन हुन नसकेको बताए ।

'आइपिओ र हकप्रद सेयर निष्कासन नहुँदा ऊर्जा क्षेत्रले रु एक खर्ब आठ अर्ब ५० करोड गुमाउनुपरेको छ । समयमै जारी नभएको कारण रु १२ अर्ब ४० करोड ५४ लाख ब्याज रकम बढेको छ भने रु २४ अर्ब ३० करोड ६७ लाख लागत बढेको छ । साथै, रु ७१ अर्ब ७८ करोड ८१ लाख राजस्व आम्दानी गुमेको छ', उनले भने ।



यसका साथै रियल नेटवर्थ भन्ने शब्द र त्यस्तो नेटवर्थ ९० भन्दा माथि हुनुपर्ने कारण देखाएर रिचेत जलविद्युत्, बेनी हाइड्रोपावर, युनिक्यु हाईडेल, याम्बलिङ, लाफिङबुद्ध र पुवा खोला जलविद्युत् कम्पनीलाई आईपीओ आवेदनबाटै हटाइएकामा समेत उनले असहमति जनाए ।

इप्पानले धितोपत्र बोर्डले हाल 'रियल नेटवर्थ' भन्ने नयाँ अवधारणा प्रयोग गरी केही कम्पनीलाई आवेदनबाट हटाएको विषय कानुनमा आधारित नभएको बताएको छ ।

इप्पानले ऊर्जा आयोजनाले उत्पादन सुरु गरेपछि मात्रै आइपिओ निष्काशन गर्न पाउने भन्ने धितोपत्र बोर्डको नीति अदुरदर्शी रहेको बताएको छ । निर्माणाधीन अवस्थामा रहेका परियोजनामा ठूलो लगानी आवश्यक हुने भएकाले निर्माणकै क्रममा सेयर निष्काशन गर्न पाउने कानुनी व्यवस्था रहेको इप्पानको दाबी छ ।

'आइपिओबाट आउने रकमलाई प्रवर्द्धकले स्वपुँजीका रूपमा देखाएर वित्तीय संस्थाबाट ऋण लिने गरेका छन्', महासचिव बलराम खतिवडाले भने, 'तर नयाँ नीतिले यस्तो आयोजना वित्तीय संकटमा पार्ने खतरा बढेको छ ।'

इप्पानले हाल देशका विभिन्न जिल्लामा १० प्रतिशत निःशुल्क सेयर माग्दै आयोजना अवरोध गर्न थालेको घटनाप्रति चिन्ता व्यक्त गरेको छ ।

भोटेकोशी जलविद्युत् आयोजनामा स्थानीयले निःशुल्क सेयर माग गर्दै एक महिना दुई दिनसम्म विद्युत् उत्पादन रोक्दा रु ३२ करोड बराबरको क्षति भएको उदाहरण दिँदै इप्पानले यस्तो गैरकानुनी मागले ऊर्जा लगानीमै संकट ल्याउने चेतावनी दिएको छ । भोटेकोशी कम्पनीले निःशुल्क सेयर दिने सहमति नगरेको र केवल सेयर खरिदका लागि कानुनी सहमति मात्र भएको इप्पानले स्पष्ट पारेको छ ।

इप्पानले आफ्ना माग तुरुन्त सम्बोधन नभए प्रधानमन्त्री, अर्थमन्त्री, ऊर्जामन्त्री र धितोपत्र बोर्डका अध्यक्षलाई ध्यानाकर्षण गराउने तयारी भइरहेकोसमेत जनाएको छ । 'रियल नेटवर्थ' का आधारमा आवेदन हटाइएका कम्पनीले धितोपत्र बोर्ड अध्यक्षविरुद्ध मुद्दा दायर गर्ने, लगानीकर्ताको रु एक खर्ब ८ अर्ब ५० करोड बराबरको क्षतिपूर्ति माग्दै अख्तियारमा उजुरी गर्ने, माग नमानिएमा १५ दिनभित्र कडा आन्दोलन सुरु गर्ने इप्पानको तयारी छ ।

# विद्युत् खरिदको प्रतिस्पर्धी दर तय गर्न ऊर्जामन्त्री घिसिङको आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले जलविद्युत् आयोजनाको विद्युत् खरिद बिक्री सम्झौता (पिपिए)को प्रतिस्पर्धी दर तय गर्न विद्युत् नियमन आयोगलाई आग्रह गरेका छन् ।

आयोगको गत आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन बुझ्दै मन्त्री घिसिङले जलविद्युत् आयोजनाबाट उत्पादित ऊर्जालाई थप सर्वसुलभ, प्रतिस्पर्धी र पारदर्शी बनाउन प्रतिस्पर्धी आधार दर तय गर्नुपर्ने आवश्यकता औँल्याए । आयोगका अध्यक्ष रामप्रसाद धितालले प्रतिवेदन मन्त्री घिसिङसमक्ष पेस गरेका थिए ।

आयोगका पदाधिकारीलाई निर्देशन दिँदै मन्त्री घिसिङले भने, 'सौर्य ऊर्जाको हाल प्रतिस्पर्धी आधार दर रहेको छ जसले पिपिएलाई प्रतिस्पर्धी र पारदर्शी बनाएको छ, त्यसैगरी जलविद्युत् आयोजनाको पिपिएको वास्तविक मूल्य तय गर्न, प्रक्रियालाई स्तरीय बनाएर पिपिए प्रतिस्पर्धाबाट गर्न आधार दर तय गर्ने र बोलपत्रसम्बन्धी कागजात तयार गर्नुहोस् ।'

नेपाल विद्युत् प्राधिकरणले हाल सौर्य ऊर्जा प्रतिस्पर्धाबाट खरिद गर्दै आएको छ । त्यसका लागि प्रतिस्पर्धाको अधिकतम आधार दर प्रतियुनिट पाँच रूपैयाँ ९४ पैसा रहेको छ । जलविद्युत् आयोजनाको पिपिए दर वर्षा र हिउँदयामका लागि प्रतियुनिट दर क्रमशः चार रूपैयाँ ८० पैसा र आठ रूपैयाँ ४० रहेको छ ।

नियमनकारी निकायले गर्ने कामलाई प्रभावकारी बनाउन आयोगका पदाधिकारीलाई निर्देशन दिँदै मन्त्री घिसिङले निजी क्षेत्रलाई प्रवर्द्धन एवं प्रोत्साहन र प्राधिकरणलाई दिगो बनाउने गरी आफ्ना क्रियाकलापमा केन्द्रित हुन आग्रह गरे ।

# गोदावरी फूलको प्रतियोगितात्मक प्रदर्शनी

■ प्रभाव संवाददाता

**पाटन–** १८औँ गोदावरी फूलको प्रतियोगितात्मक प्रदर्शनी २०८२ ललितपुरमा सुरु भएको छ । फ्लोरिकल्चर एसोसिएसन नेपालको आयोजनामा बुधबारदेखि सुरु भएको प्रदर्शनी कात्तिक २ गतेसम्म सञ्चालन हुने जानकारी गराइएको छ ।

प्रदर्शनीको उद्घाटन समारोहमा मन्तव्य राख्नुहुँदै कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डाक्टर गोविन्दप्रसाद शर्माले नेपालको पुष्प व्यवसायको विकास, विस्तर र प्रवर्द्धनका लागि व्यवसायीहरूले उठाएको मुद्दा सम्बोधनका लागि नीतिगत विषयमा सहजीकरण गर्ने बताए ।

'पुष्प व्यवसायको विकास र प्रवर्द्धनमा निजी क्षेत्रको मेहनतले आफ्नै प्रयासमा भए गरेको काम सराहनीय छ, पुष्प व्यवसायमा विश्वमा आएको परिवर्तन र अभ्यासलाई स्वीकार गरेर अगाडि बढ्नुपर्छ, गुणस्तरीय स्वनियमनलाई उद्यमीहरूले ध्यान दिनुपर्छ', उनले भने ।



उनले नेपाल सरकारले लागू गरेको बीउबिजन नियमावलीका आधारमा आलंकारिक बिरुवाहरूलाई दर्ता गर्ने कार्यलाई अगाडि बढाइएको जानकारी गराउँदै नेपाली पुष्प व्यवसायको विकास र विस्तारका लागि अवैधानिक रूपमा आउने फूललाई रोकेर देशभित्रका पुष्प व्यवसायीहरूलाई प्रोत्साहन गर्न व्यवसायीहरूले नै सहयोग गर्नुपर्नेमा जोड दिए ।

'कृषि विधेयक तयार भएर पनि संसद् नभएको कारणले अल्झिएर रहेको छ, कृषि क्षेत्रका हितलाई समेटेर कृषि नीति तयार भएको छ, मन्त्रिपरिषद्मा पठाउने तयारी भइरहेको छ, पुष्प व्यवसायीहरूको हितका लागि व्यवसायको संरचनाको जोखिमको मूल्यांकन गरेर बिमा गर्ने व्यवस्थाका लागि नीतिगत व्यवस्था गर्ने प्रयास जारी छ', उनले भने । उनले प्लास्टिकका फूलहरूलाई उपयोगमा नियन्त्रण गरेर पुष्प व्यवसायीहरूलाई प्रोत्साहनमा जोड दिनुपर्छ भन्दै देश बाहिरबाट आउने कृषिजन्य एवं पुष्पजन्य सामग्रीको क्वारेन्टाइन परीक्षणका विषयमा ध्यान दिएर नियन्त्रण गर्ने काम गर्छौं भने ।

नेपाल उद्योग वाणिज्य महासङ्घका उपाध्यक्ष वस्तुगत परिषद्का सभापति हेमराज ढकालले पुष्प व्यवसायको प्रवर्द्धनका लागि बीउबिजनको विकास र प्रदर्शनीका लागि सुविधाको व्यवस्था गरिनुपर्नेमा जोड दिए । उनले जेनजी आन्दोलनमा घुसपैठ भएर समाजले पचाउन नसक्ने र २१ औँ शताब्दीमा नसुहाउने खालको अपराधिक काम भएको भन्दै त्यसलाई निरुत्साहित गर्दै व्यावसायिक वातावरण बनाउन सरकारले ध्यान दिनुपर्ने बताए ।

पुष्प विकास केन्द्रका प्रमुख रवीन्द्र थापाले प्रदर्शनीले पुष्प व्यवसायको प्रवर्द्धनका साथै रोजगारीमा समेत महत्वपूर्ण योगदान दिने धारणा राखे । फ्लोरिकल्चर एसोसिएनि नेपालका अध्यक्ष राजेशभक्त श्रेष्ठले पुष्प व्यवसायको विकास र प्रवर्द्धनका लागि हरेक वर्ष लगातार रूपमा प्रतियोगितात्मक प्रदर्शनी गर्दै आइरहेको जानकारी गराए । पाँच दिनसम्म सञ्चालन हुने प्रतियोगितामा ९० वटा स्टल रहेका छन् । प्रदर्शनीमा रु ४० लाखभन्दा बढीको कारोबार हुने अपेक्षा गरिएको अध्यक्ष श्रेष्ठले जानकारी गराए ।

# पर्सामा ९६३ घरेलु उद्योग दर्ता

**वीरगञ्ज (प्रस)–** गत आर्थिक वर्षमा पर्सामा रु एक अर्ब ६२ करोड ५६ लाख ८५ हजार ५०० लगानी गर्ने भन्दै नौ सय ६३ वटा नयाँ घरेलु उद्योग दर्ता भएका छन् ।

गत आवमा दर्ता भएका ती घरेलु उद्योगको स्थिरपुँजीतर्फ रु एक अर्ब पाँच करोड ७७ लाख नौ हजार ३६० रहेको छ । त्यस्तै चालुपुँजीतर्फ भने रु ६७ करोड ४४ लाख सात हजार पाँच सय ४० रहेको छ ।

घरेलु तथा साना उद्योग कार्यालय वीरगञ्जका प्रमुख उद्योग अधिकृत पवन पञ्जीयारले गत आवमा दर्ता भएका नौ सय ६३ घरेलु उद्योगले दुई हजार ८९८ जनालाई रोजगारी सिर्जना गर्ने बताए ।

'पर्सा जिल्लामा घरेलु उद्योग दर्ता गर्ने उद्यमीहरूको संख्यामा वृद्धि भइरहेको छ । गत आवमा दर्ता भएका घरेलु उद्योगले एक हजार ७३७ पुरुष र एक हजार १६१ जना महिलालाई रोजगारी दिने जनाएका छन्', उनले भने ।

कार्यालयका अनुसार गत आवमा जिल्लामा उत्पादकमूलक उद्योगतर्फ दुई सय १८ नयाँ उद्योग दर्ता भएका छन् । ती उद्योगको कूल पुँजी भने रु ४३ करोड ८२ लाख रहेको छ । कृषि तथा वन अन्य उद्योगतर्फ भने एक सय ४४ वटा उद्योग दर्ता हुँदा ती उद्योगको कूल पुँजी रु ३९ करोड ३५ लाख रहेको पञ्जीयारले जानकारी दिए ।

# नेप्से परिसूचक २२ अंकले घट्यो

**काठमाडौं–** धितोपत्र बजारमा बुधबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक २२ दशमलव ५८ अंकले घटेर दुई हजार ५०५ दशमलव ५८ को विन्दुमा आएको छ ।

कूल ३१८ कम्पनीको ७६ लाख ११ हजार ६६० कित्ता सेयर ३५ हजार ७५० पटक खरिदबिक्री हुँदा कारोबार रकम रु तीन अर्ब १० करोड १८ लाख ३० हजार ९४५ मा खुम्चिएको छ ।

म्युचुअल फण्ड शून्य दशमलव २४ प्रतिशतले बढेको बजारमा बाँकी सबै समूहका उपसूचक घटेका छन् । व्यापार दुई दशमलव शून्य नौ, अन्य समूह एक दशमलव २२ प्रतिशतले घटेको छ ।

त्यस्तै बैंकिङ शून्य दशमलव ५४, विकास बैंक एक दशमलव १४, वित्त एक दशमलव १०, होटल तथा पर्यटन एक दशमलव शून्य छ, जलविद्युत् एक दशमलव १८, लगानी शून्य दशमलव ९८, जीवन बिमा शून्य दशमलव ७५, उत्पादन तथा प्रशोधन शून्य दशमलव ३९, लघुवित्त शून्य दशमलव ५६ र निर्जीवन बिमा समूह शून्य दशमलव ६५ प्रतिशतले घटेको छ ।

विन्ध्यवासिनि हाइड्रोपावर र समाज लघुवित्त वित्तीय संस्थाको सेयर मूल्यमा नकारात्मक सर्किट लागेको बजारमा मनकामना इञ्जिनियरिङ हाइड्रोपावर पाँच दशमलव ८७ र पञ्चकन्या माई हाइड्रोपावरको सेयर मूल्य पाँच दशमलव ७५ प्रतिशतले घटेका छन् । त्यस्तै कारोबारमा समता घरेलु लघुवित्त वित्तीय संस्थाको सेयर मूल्य छ दशमलव ९३ प्रतिशतले बढेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको रु २० करोड ५४ लाख चार हजार ३६७ बराबरको सेयर किनबेच भएको छ । कारोबार भएका सेयर संख्याका आधारमा युनियन हाइड्रोपावर लिमिटेडको सेयर दुई लाख ७३ हजार ३२२ कित्ता खरिदबिक्री भएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**ः एक्प्रेस कलर प्रेस, **कार्यालय**ः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**ः marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**ः कृष्ण कार्की, **सम्पादक**ः विष्णु तामाङ